नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

## सुरक्षा समिति बैठक



बारामा बुधबारदेखि भएको झडप र प्रदर्शनको विषयलाई लिएर आज सुरक्षा परिषद्को बैठक बस्यो ।

केहीबेर अघि सम्पन्न बैठकमा बारा घटना र त्यसले पार्नसक्ने सुरक्षा चुनौति तथा आगामी दिनमा अपनाउनुपर्ने रणनीतिवारे छलफल भएको हो । प्रधानमन्त्री सुशीला कार्कीले बोलाएको बैठकमा सुरक्षा निकायका प्रमुखहरुले सुरक्षा अवस्था र त्यसले पार्नसक्ने प्रभावका बारेमा जानकारी गराएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

● वर्ष ४ ● अंक १२ ● २०८२ साल मंसिर ०५ गते शुक्रबार ● Friday 21, November 2025 ● सूर्योदय: बिहान ०६:२८ बजे ● सूर्यास्त: साँझ ५:१३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# प्रदेश सभा अनिश्चितकालका लागि स्थगित




**मधेशदृष्टि**
**जनकपुर ।**
मधेश प्रदेश सभाको बैठक अनिश्चितकालका लागि स्थगित भएको छ । बुधबार सभामुख रामचन्द्र मण्डललाई पदमुक्त गरेसँगै बैठक बिहीबारका लागि बोलाइएको थियो । तर अन्तिम समयमा आएर बैठक स्थगित भएको मधेश प्रदेश सभा सचिवालयले जनाएको छ ।

दिउँसो १ बजे बैठक बस्ने भनिए पनि बैठक अर्को सूचना नहुन्जेलसम्मका लागि स्थगित गरिएको छ । मधेश प्रदेश सभाबाट पदमुक्त भएका सभामुख रामचन्द्र मण्डलले प्रदेशसभाबाट आफ्नो निलम्बन असंवैधानिक र प्रक्रियागत त्रुटि भए पनि आफू अदालत नजाने बताएपछि अब नयाँ सभामुख चयनको प्रक्रिया शुरु हुनेछ । नयाँ सभामुखका लागि नेपाली कांग्रेसले दाबी गर्दै आएको छ । सात राजनीतिक दलभित्र सभामुखको विषयमा छलफल भएपनि कुनै पनि निर्णय हुन नसकेको नेपाली कांग्रेसका प्रमुख सचेतक कुँवरकान्त झाले जानकारी दिएका छन् । जसपा नेपालका प्रमुख सचेतक रामअशिष यादवले प्रदेश सभासँग बिजनेससमेत नरहेको र प्रदेश सरकारको विषयमा अदालतमा बहस चलिरहेको कारणले अहिले सदन चलाउनु उपयुक्त नभएको बताउँदै यसका लागि प्रदेश सभाको बैठक अनिश्चितकालका लागि स्थगित गर्ने सहमति भएपछि स्थगित गरिएको जानकारी दिए ।

प्रदेश सभासमेत अस्तव्यस्त रहेको र कर्मचारी समेत अभाव रहेको अवस्थामा प्रदेशसभा चलाउन समस्या रहेको प्रदेश सभा सचिवालयले जनाएको छ ।

# मधेशको कुल गार्हस्थ उत्पादन ८ खर्ब ४ अर्ब पुग्ने अनुमान



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेशको कुल गार्हस्थ उत्पादन ८ खर्ब ४ अर्ब रुपैयाँ बराबर पुग्ने अनुमान गरिएको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको मधेश प्रदेशको आर्थिक गतिविधि अध्ययन २०८१–८२ को वार्षिक प्रतिवेदन अनुसार यो आर्थिक वर्षमा प्रदेशको कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा ३.८८ प्रतिशतले वृद्धि हुने अनुमान छ । प्रदेशले चालु आर्थिक वर्षमा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबै भन्दा बढी योगदान कृषि, वन तथा मत्स्य पालन क्षेत्रको ३६.७० प्रतिशत रहेकामा सबैभन्दा कम योगदान खानी तथा क्षेत्रको ०.१५ रहेको छ ।

आर्थिक वर्ष २०८१–८२ मा मधेश प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन युएस डलर ९३२ हुने अनुमान छ ।

आर्थिक वर्ष २०८१–८२ मा प्रदेशमा तरकारी तथा बागवानी ओगेटको क्षेत्रफलमा १०.२७ प्रतिशतले वृद्धि भएको छ भने खाद्य तथा अन्य बालीले ओगटेको क्षेत्रफलमा १.४९ प्रतिशत र फलफूल तथा मसाला बाली ओगटेको क्षेत्रफलमा २५.२० र ७.९४ प्रतिशतले कमी आएको छ । आर्थिक वर्ष २०८१–८२ मा खाद्य तथा अन्य बालीको उत्पादनमा १४.०१ प्रतिशतले वृद्धि भएको छ । सरकार तथा बागवानी उत्पादनमा ९.७९ प्रतिशत वृद्धि भएको भने ९.०७ प्रतिशत र मसला उत्पादनमा १०.५३ प्रतिशतले कमी आएको छ । आर्थिक वर्ष २०८१–८२ मा पशुजन्य उत्पादनतर्फ दूधको उत्पादनमा ३.१६ प्रतिशत, अण्डको उत्पादन ९.६४ प्रतिशत माछाको उत्पादन ५.९५ प्रतिशत वृद्धि भएको छ भने मासुको उत्पादनमा ०.९० प्रतिशतले कमी आएको छ । वनजन्य उत्पादनअन्र्तगत काठको उत्पादन २२.५६ प्रतिशतले वृद्धि भएको छ भने दाउराको उत्पादन १८.१२ प्रतिशतले घटेको छ । आर्थिक वर्ष २०८१–८२ मा मधेश प्रदेशमा रहेको बैंक तथा वित्तीय संस्थाबाट कृषि, माछापालन र वन क्षेत्रमा ६२ अर्ब ९८ करोड रुपैयाँ कर्जा प्रवाह भएको छ, जुन मधेश प्रदेशमा प्रवाहित कुल कर्जाको १२.७० प्रतिशत हुन आउँछ ।

आर्थिक वर्ष २०८१–८२ मा अध्ययनका लागि नमूना छनौटमा समेटिएका प्रमुख उद्योगको उत्पादनमा क्षमता उपयोग औसतमा ४६.४७ प्रतिशत छ । आर्थिक वर्ष २०८१–८२ मा बैंक तथा वित्तीय संस्थाबाट औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जामा ५.११ प्रतिशतले वृद्धि भई १ खर्ब २८ अर्ब ९ करोड रुपैयाँ पुगेको छ । गत आर्थिक वर्षको यसै अवधिमा यस्तो कर्जा १ खर्ब २१ अर्ब ८७ करोड रहेको थियो । मधेश प्रदेशको उद्योग क्षेत्रमा

बाँकी पृष्ठ ३ मा

# दुई वडाध्यक्ष पक्राउ, जेन्जी समूह अझै असन्तुष्ट



**मधेशदृष्टि**
**बारा ।**
सिमरामा जेन्जी प्रदर्शनकारीमाथि हातपात गरेको आरोपमा पक्राउ परेका जितपुर सिमरा उपमहानगरपालिकाका २ जना वडाध्यक्षविरुद्ध ७ दिनको म्याद थप भएको छ । बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रले जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर २ का वडा अध्यक्ष धनबहादुर श्रेष्ठ र वडा नम्बर ६ का अध्यक्ष कैमद्दिन अन्सारीविरुद्ध ७ दिनको म्याद थप भएको जानकारी दिए ।

बुधबार सिमरामा भएको जेन्जीको प्रदर्शनमा कुटपिटमा उत्रिएका उनीहरूलाई प्रहरीले बिहीबार पक्राउ गरेको हो ।

उनीहरूविरुद्ध कुटपिटको आरोपमा स्थानीय जेन्जी सम्राट भनिने साइकुस उपाध्यायले इलाका प्रहरी कार्यालय सिमरामा बुधबार जाहेरी दिएका थिए । दुवै वडा अध्यक्ष एमालेबाट उम्मेदवार बनेर निर्वाचित हुन् । घटनामा संलग्न अन्यलाई पनि पक्राउ नगरे आन्दोलन गर्ने चेतावनी दिएका जेन्जीहरू बिहीबार बिहानैदेखि आन्दोलनमा उत्रिएका छन् । उनीहरूले पथलैया सडकखण्ड अवरुद्ध गरेका थिए ।

अवरुद्ध सडक खुलाउनेक्रममा प्रहरी बल प्रयोग गर्दा केहीबेर झडप भएको थियो । बुधबार नेकपा एमालेको युवा संघको राष्ट्रिय जागरण कार्यक्रमको विरोधमा जेन्जीहरू बिहानैदेखि प्रदर्शनमा उत्रिएका थिए । आफ्नो नेतालाई अवरोध गरेपछि एमालेका नेता कार्यकर्ताले जेन्जी प्रदर्शनकारीमाथि हातपात गरेका थिए ।

कार्यक्रममा नेकपा एमालेका महासचिव शंकर पोखरेल, पोलिटब्युरो सदस्य महेश बस्नेतसहितका नेता आउने थाहा पाएपछि जेन्जीहरूले सिमरा विमानस्थल अगाडि प्रदर्शन गरेका थिए । उनीहरूले सिमरा विमानस्थलको गेट समेत तोडफोड गरेका थिए ।

बिहीबार पनि प्रदर्शन जारी भएपछि बारा प्रशासनले जेन्जी प्रतिनिधिहरूलाई वार्तामा बोलाएको थियो ।

बुधबारदेखि अशान्त रहेको सिमरामा कफ्र्यु जारी छ । तर पनि जेन्जीले प्रदर्शन जारी राखेका छन् । उनीहरूले सडक अवरुद्ध गरेर सडक अवरुद्ध गरेपछि प्रहरीले बल प्रयोग गरेको थियो । सिमरामा बुधबार जेन्जी र नेकपा एमालेका नेता कार्यकर्ताबीच झडप भएको थियो । त्यसपछि खलबलिएको यहाँको अवस्था बिहीबार पनि उस्तै छ ।

यता, प्रदर्शन जारी राखेका जेन्जीलाई जिल्ला प्रशासन कार्यालय बाराले छलफलका लागि आह्वान गरेको छ । प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले सिमरामा प्रदर्शनमा उत्रिएका जेन्जी युवालाई वार्तामा बोलाएका हुन् ।

जिल्ला सुरक्षा समितिको बैठक बसेर उनीहरूलाई वार्ताका लागि जिल्ला प्रशासन कार्यालय कलैयामा

बाँकी पृष्ठ ३ मा

## जनकपुर उ.म.न.पा., धनुषाको सार्वजनिक सूचना

**विषयः गंगासागर र धनुष सागरको डिलमा रहेको सार्वजनिक पुस्तकालय अर्नात अशंवैधानीक गैर जिम्मेवार व्यक्तिको नाम समावेसी नगर्ने गराउने सम्बन्धमा ।**

RU265664217FN
RU265664985IN
RL430333422IN
RD865362527IN
ED794629692NP
ED79462976NP
RD783771091NP
RD783706668NP

**देव शरण साह**
ज.उ.म.न.पा. वडा नं. १८
९८१७६३४३७८

# एनपिएलः लुम्बिनीको विजयी सुरूआत

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संघीय राजधानी काठमाडौँको कीर्तिपुरमा जारी नेपाल प्रिमियर लिग (एनपिएल) मा लुम्बिनी लायन्सले विजयी सुरूआत गरेको छ ।

लुम्बिनीले चितवन राइनोजलाई ६ विकेटले हराएको हो ।

जितका लागि पाएको १ सय ४३ रनको लक्ष्य लुम्बिनीले १८.३ ओभरमा ४ विकेटको क्षतिमा पूरा गर्यो । उसका लागि गुलबुद्धिन नैबले अविजित ४४ र कप्तान रोहितकुमार पौडेलले ३९ रन बनाए । बलिङतर्फ चितवनका रिजन ढकालले दुई तथा सोहेल तनविरले एक विकेट लिए ।

यसअघि त्रिवि अन्तराष्ट्रिय क्रिकेट मैदान कीर्तिपूरमा टस हारेर पहिला ब्याटिङ गरेको चितवनले निर्धारित २० ओभरको खेलम ७ विकेटको क्षतिमा १ सय ४२ रन बनायो । चितवनका लागि रवि बोपाराले ६६, कप्तान कुशल मल्लले २१, देव खनालले १४, दीपक बोहराले १०, सैफ जैबले १५ तथा अर्जुन साउदले अविजित १५ रन बनाए । बलिङतर्फ लुम्बिनीका रुबेल ट्रम्पलम्यानले तीन तथा अभिषेश गौतम र गुलबुद्धिन नैबले दुई दुई विकेट लिए ।




## बिश्रामपुर गाउँपालिकाको अनुरोध

- सार्वजनिक स्थल अतिक्रमण गरी संरचना नबनाउ/सामग्री नराखौँ ।
- जथाभावी फोहोर नफालौँ, फोहोर संकलन गर्ने सवारी साधनमा मात्र फोहोर फाल्ने बानी बसालौँ ।
- आफ्नो घर-आगन वरपर वृक्षरोपण गरी नगरलाई सफा, सुन्दर र हरियाली बनाउन मदत गरौं ।
- घरपालुवा चौपायाहरु छाडा नछाडौँ, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- आफ्नो टोलमा हरेक हप्ताको शनिबार सरसफाई गरौं ।
- सबै प्रकारका व्यापार, व्यवसाय, उद्योग, कल कारखाना अनिवार्य रुपमा सम्बन्धित वडा कार्यालयमा व्यवसाय दर्ता तथा नविकरण गराई मात्र सञ्चालन गरौं ।

जनहितमा जारी सन्देश
**बिश्रामपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
विश्रामपुर, बारा, मधेश प्रदेश, नेपाल

# जुम्लामा दुई मतदान केन्द्र थप गर्न सिफारिस

**जुम्ला।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालयले दुई वटा मतदान केन्द्र थप गर्न र एउटा केन्द्र स्थानान्तरण गर्न निर्वाचन आयोगमा सिफारिस गरेको छ।

जिल्लाको हिमा गाउँपालिका–१ र पातारासी गाउँपालिका–७ मा एक–एक मतदान केन्द्र थप र तिला गाउँपालिका–९ मा एक मतदान केन्द्रको ठाउँ सार्न केन्द्रीय निर्वाचन आयोगमा सिफारिस गरिएको जिल्ला निर्वाचन कार्यालयका निमित्त कार्यालय प्रमुख नारायणी आचार्यले जानकारी दिए।

आयोगले मतदाता नामावलीमा नाम दर्ता गर्न यही मङ्सिर ५ गतेसम्मको समयसीमा तोकेको छ । उनका अनुसार अहिले अनलाइनबाट आफ्नो मतदाता नामावली बनाउन सकिने व्यवस्था रहेकाले जिल्लामा करिब ८ सय ४९ जना नयाँ मतदाता थपिएका छन् । तीमध्ये ३ सय ७३ महिला र ४ सय ७६ पुरुष छन्।

बाहिरी जिल्लाका ९७ जनाले जिल्लाबाट नयाँ मतदाता भरेका निमित्त कार्यालय प्रमुख आचार्यले उल्लेख गरे । जिल्लामा नयाँ मतदाता थपिनुअघि कूल ६७ हजार ७ सय ३६ मतदाता रहेका उनको भनाइ छ।

निर्वाचन कार्यालयले गत असोजदेखि मतदाता नामावली सङ्कलन गर्दै आएको छ। मतदाता नामावली सङ्कलनको म्याद कात्तिक मसान्तसम्म रहे पनि निर्वाचन आयोगले नाम दर्ता तथा अद्यावधिक कार्यमा देखिएको उत्साहजनक सहभागितालाई मध्यनजर गरी म्याद बढाएर मङ्सिर ५ गतेसम्मका लागि थप गरेको छ।

एक नगरपालिकासहित सात गाउँपालिका रहेको जुम्लामा जिल्लाभरि ७९ मतदानस्थल र एक सय दुई मतदान केन्द्र रहेका निर्वाचन कार्यालय जुम्लाले जनाएको छ । यसैबीच, कार्यालयले यहाँस्थित मतदान केन्द्रको अवस्थाका बारेमा सर्वपक्षीय बैठक गरी मतदाता नामावली सङ्कलन, मतदान केन्द्र, निर्वाचन प्रक्रियालगायत विषयमा छलफल अघि बढाएको छ।रासस

# स्थानीयले द्वन्द्वकालमा जलेका लालपुर्जा २३ वर्षपछि पाए

**संखुवासभा।**
संखुवासभाको चैनपुर नगरपालिका–८ र ९ का जग्गाधनीले २३ वर्षपछि लालपुर्जा पाएका छन् । द्वन्द्वकालमा आगलागीमा नष्ट भएका अभिलेखका कारण २३ वर्षसम्म लालपुर्जाबाट वञ्चित चैनपुरका स्थानीयले जग्गाधनी प्रमाणपत्र (लालपुर्जा) पाएका हुन्।

विसं २०५९ वैशाख १४ गते तत्काली माओवादीद्वन्द्वका बेला चैनपुरस्थित नापी तथा मालपोत कार्यालयमा भएको आगजनीका कारण क्षति हुँदा नापी कार्यालयमा रहेका सक्कल नक्सा र फिल्डबुक तथा मालपोत कार्यालयमा रहेका जग्गाधनी दर्ता श्रेस्ता (मोठ)लगायत महत्त्वपूर्ण कागजात पूर्ण रूपमा नष्ट भएका थिए।



तत्कालीन बेला आगलागीमा नष्ट भएका चैनपुर–८ र ९ का एक हजार १९० जग्गाधनीले २३ वर्षपछि लालपुर्जा पाएका विशेष नापी कार्यालय चैनपुरका प्रमुख हरिशरण नेपालले जानकारी दिए । उनका अनुसार नापनक्सा सकिएका चैनपुर–९ का ६ सय २७ र वडा नं ८ का ५ सय ६३ जग्गाधनीले लालपुर्जा पाएका छन् । कागजात नभएकाले स्थानीयले लामो समयदेखि कानुनी झन्झट र सम्पत्ति प्रयोगमा समस्या झेल्दै आएका थिए। विसं २०७६ माघ १३ गतेको मन्त्रिपरिषद् निर्णयअनुसार अभिलेख पुनःस्थापनाका लागि विशेष नापी कार्यालय स्थापना गरिएको थियो।

हाल विशेष नापी कार्यालयले सङ्खुवासभाका चैनपुर, पाँचखपन, मादी र धर्मदेवी नगरपालिकामा नापनक्सा तथा लालपुर्जा वितरणको काम गरिरहेको प्रमुख नेपालले जानकारी दिए। उनका अनुसार सीमित स्रोतसाधन र जनशक्तिका कारण चार पालिकाको २४ हजार हेक्टरमध्ये हालसम्म सात हजार ५ सय हेक्टरको नापनक्सा सम्पन्न भइसकेको छ।

कार्यालय प्रमुख नेपालले चैनपुर–५, ७, ८, ९, १० र ११ मा नापनक्सा सम्पन्न भइसकेको जनाउँदै नक्साका लागि संवेदनशीलता र प्रक्रियाका कारण चार पटकसम्म लाग्ने उल्लेख गरे । बसाइँसराइले जनसहभागिता कमी, नियन्त्रण विन्दु नभेटिने, पुरानो सफ्टवेयर, घाममा उपकरण बिग्रिरहनेलगायत कारणले नापनक्सा तथा लालपुर्जा वितरणमा केही ढिलाइ भएको कार्यालयले जनाएको छ । रासस

# आर्बाका धार्मिक स्थललाई पर्यटकीय गन्तव्यका रूपमा विकास गरिँदै

**गण्डकी ।**
पोखरा महानगपालिका–१३ स्थित आर्बा प्राकृतिक रूपमा आकर्षक र ऐतिहासिक महत्त्व बोकेको क्षेत्र भएकाले यहाँका धार्मिक स्थललाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न थालिएको छ । करिब एक सय वर्षभन्दा पुरानो इतिहास रहेको यस क्षेत्रको संरक्षणसँगै धार्मिक पर्यटन प्रवद्र्धन गर्न थालिएको हो ।

उत्तरपूर्वका दन्तेलहर जस्तै टलक्क टल्कने हिमाल, दक्षिणपश्चिममा पोखरासहित लेखनाथका टाढाटाढासम्मका भूभाग आर्बाको महाप्रभुधामबाट देख्न सकिन्छ । समुन्द्री सतहबाट एक हजार ३ सय ३५ मिटर उचाइमा अवस्थित यसस्थान प्राकृतिक रूपमा आकर्षक हुनुका साथै ऐतिहासिक र धार्मिक महत्त्व बोकेको छ ।महाप्रभुधाम संरक्षण समितिका संरक्षक स्वामी दिनदयालजी महाराजका अनुसार एक सय वर्षभन्दा अघि यहाँ स्वर्गद्वारीबाट हंश महाराजका चेला कपिलदेव महाराजले एक महिनासम्म ठूलो महायज्ञ लगाएका थिए । उक्त अवसरमा यहाँ अखण्ड हवनसँगै गौदानलगायत विभिन्न किसिमका अनुष्ठानहरू एक साथ गरिएको इतिहास रहेको उनले जानकारी दिए ।

‘यहाँ महायज्ञ गरी सिद्धी प्राप्त गरेको स्थान भएकाले यस क्षेत्रको विशिष्ट महत्त्व छ,’ स्वामी दिनदयालजीले भने, ‘यो ठूलो धार्मिक महत्त्वको तीर्थस्थल हो । महाप्रभुधामसँगै यहाँ नजिकै रहेको मणिद्विपले पनि विशिष्ट धार्मिक महत्त्व बोकेको छ ।’ पाल्पाका तत्कालीन राजा मणिमुकुन्द शेनले स्थापना गरेको मणिद्विपको संरक्षणसँगै पर्यटन प्रवद्र्धनमा पहल थालिएको उनले जानकारी दिए ।

‘यहाँका धार्मिक महत्त्वका सम्बन्धमा विभिन्न किंवदन्ती पनि छन् । एक किंवदन्ती अनुसार यहाँ नजिकै रतन पाण्डे मन्दिर र महाप्रभुधामको बीच भागमा प्राचीन कालमा एउटा पोखरी थियो । धार्मिक महत्त्वको उक्त पोखरीमा रुखका पात खस्नासाथ चराले टिपेर लैजान्थ्ये । यस्ता विभिन्न किसिमका किंवदन्तीले पनि यहाँको ऐतिहासिक महत्त्वलाई झल्काउने बुढापाकाहरू बताउँछन,’ स्वामी दिनदयालजीले भने ।

करिब एक सय वर्षअघि महाप्रभुहरूले महायज्ञ सञ्चालन गर्दा निर्माण गरिएको हवन कुण्डले पनि यहाँको ऐतिहासिकतालाई थप प्रष्ट पार्ने महाप्रभुधाम रतन पाण्डे पर्यटकीय क्षेत्र विकास समितिका अध्यक्ष नवराज बरालले उल्लेख गरे । समितिले यहाँको ऐतिहासिकता एवम् धार्मिक महत्वलाई उजागर गर्ने उद्देश्यले विकासका क्षेत्रमा योजनाबद्ध काम गरिरहेको उनले बताए ।

उक्त समयको ऐतिहासिकताको जीवन्त साक्षी हवन कुण्डसहित धार्मिक महत्त्वका गुफा, गणेश तथा शिवजीको मन्दिर, रतन पाण्डेथानको संरक्षणसँगै प्रचारप्रसार गरी पर्यटन प्रवद्र्धनमा समिति अघि बढेको उनको भनाइ छ ।

पोखराको महेन्द्रपुलबाट आधा घण्टाभित्रै सवारीसाधनबाट पुग्न सकिने महाप्रभुधामसहित यहाँका विभिन्न स्थानहरूबाट माछापुच्छ्रे, अन्नपूर्णलगायत हिमाल, दक्षिणतर्फ पोखराको मनमोहक दृश्य एकसाथ अवलोकन गर्न सकिने समितिका उपाध्यक्ष सूर्यप्रसाद बरालले जानकारी दिए । धार्मिक पर्यटनका दृष्टिले आर्बा सम्भावना बोकेको क्षेत्र भएकाले यस ठाउँको प्रवद्र्धन अपरिहार्य रहेको उनको भनाइ छ ।

महाप्रभुधामसँगै यहाँ रहेका मणिद्विप, रतन पाण्डेको मन्दिरलगायत स्थानलाई समेटेर धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नेतर्फ आँफूहरू लागिरहेको समितिका सचिव भोजराज बरालले बताए ।

महाप्रभुधाम नजिकै रहेको रतन पाण्डे मन्दिर यहाँको अर्को धार्मिक महत्त्वको स्थानका रूपमा चिनिएको उक्त मन्दिर संरक्षण समितिका अध्यक्ष घनश्याम बरालले उल्लेख गरे । यसको थप प्रचारप्रसार गरी धार्मिक पर्यटन प्रवद्र्धन गर्न सबैको सहकार्य र समन्वय आवश्यक पर्नेमा उनले जोड दिए ।

उनका अनुसार रतन पाण्डे मन्दिरमा प्रत्येक वर्ष धान रोप्ने र भित्र्याउने समयमा यहाँका स्थानीयले श्रद्धाभक्तिपूर्वक पूजाआजा गर्दछन् । रतन पाण्डेको पूजाका दिन आर्बा क्षेत्रमा हलो नचल्ने प्रचलन प्राचीन समयदेखि रहिआएको उनले जानकारी दिए ।

‘रतन पाण्डेलाई वायुका राजाका रूपमा लिने गरिएको छ,’ अध्यक्ष बरालले भने, ‘यहाँ अत्यन्त निष्ठापूर्वका पूजाआजासँगै तयार गरिएको प्रसाद मन्दिर परिसरमा बसेर धारण गर्नुपर्ने, घरमा लैजान नहुनेलगायत विधि र प्रक्रिया रहेकाले यसको विशेष महत्त्व छ ।’

पछिल्ला समयमा महाप्रभुधाम र मणिद्विपमा प्रत्येक वर्ष बालाचतुर्दशीका दिन ठूलो मेला लाग्ने तथा शतबीज छर्ने प्रचलन रहेको समाजसेवी शिरोमणि बरालले जानकारी दिए । उनका अनुसार आर्बामा बस्ती स्थापना हुँदा गाउँको पूर्वमा मणिद्विप नागेश्वर महादेव स्थापना गरिएको थियो ।

स्थानीयका अनुसार शक्तिशाली शक्तिपीठका रूपमा रहेको यस मन्दिरमा धेरै पटक नाग प्रकट भएका थिए । मन्दिरमा भक्तिपूर्वक पूजा गर्दा निःसन्तान दम्पतीलाई सन्तान प्राप्त भएकाले टाढाटाढाबाट दर्शनार्थी आउने गरेका स्थानीय बताउँछन् । नागको दोषका कारण स्वास्थ्य, लगानीलगायत समस्यामा परेका व्यक्ति पनि यहाँ आएर श्रद्धाभक्तिपूर्वक पूजाआजा गरेर फर्केपछि समस्याबाट मुक्त हुने जनविश्वास रहिआएको रतन पाण्डे मन्दिर संरक्षण समितिका अध्यक्ष बरालले जानकारी दिए ।

प्राचीनकालदेखि सन्यासी बस्दै आएको यहाँको खरले छाएको मन्दिर विसं २०६२ मा पुनःनिर्माण गरिएको थियो । विसं २०६३ मा हरिद्वारका महामण्डलेश्वरसहित विशिष्ट व्यक्तिको उपस्थितिमा मणिद्विपमा महायज्ञ गरी उक्त मन्दिरमा नर्मदा नदीबाट ल्याइएको शिलाको प्राण प्रतिष्ठा गरिएको थियो । प्रतिष्ठापनका बेला शिलामा लामो समयसम्म पसिना आएको स्थानीयको अनुभव छ । शिलाको प्राणप्रतिष्ठा भारतबाट आउनुभएका १००८ स्वामी बालसन्त महामण्डलेश्वर रामेश्वरजी महाराज, १००८ स्वामी सोमेश्वरजी महाराज, १००८ स्वामी विष्णुराजजी महाराज, स्वामी सुतिक्षणजी महाराजलगायत सन्तमहन्तले गरे थिए ।

करिब १५ वर्षअघि भारतको हरिद्वारबाट आएका १००८ महामण्डलेश्वर रामेश्वरजी महाराज, १००८ महामण्डलेश्वर सुतिक्षण मुनीजी महाराज, सन्त दिनदयालजी महाराजको उपस्थितिमा महाप्रभुधाममा शतबीज छर्न सुरु गरेसँगै यो स्थल धार्मिक पर्यटनका दृष्टिले महत्त्वपूर्ण बनेको महाप्रभधाम रतन पाण्डे पर्यटकीय क्षेत्र विकास समितिका पूर्वअध्यक्ष धर्मराज बरालले जानकारी दिए ।

महाप्रभुधामसहित मणिद्विप, रतन पाण्डेलगायत धार्मिक स्थललाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने सन्दर्भमा सरोकार भएका निकायसँगको समन्वयमा आँफूहरू लागिरहेको पोखरा महानगरपालिका–१३ का वडाध्यक्ष किरण बरालले बताए । महाप्रभुधाम क्षेत्रको विकासका लागि विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको बताउँदै उनले यहाँका पूर्वाधार विकासका लागि करिब रु १२ करोड खर्च लाग्ने अनुमान गरिएको जानकारी दिए । रासस

# बालबालिकालाई विद्यालयमा दैनिक एक गिलास दूध वितरण



**म्याग्दी।**
म्याग्दीको मङ्गला गाउँपालिकाले बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाहरुलाई विद्यालयमा दूध वितरण गर्न थालेको छ।

बालविकास केन्द्रका बालबालिकालाई दूध वितरण गर्ने कार्यक्रमलाई मङ्गला गाउँपालिकाले नमुना घोषणा गरेको छ । ‘बालबालिकासँग अध्यक्ष’ कार्यक्रम अन्तर्गत बालविकास केन्द्रका बालबालिकालाई दैनिक एक–एक गिलास दूध वितरण गरिएको गाउँपालिकाका शिक्षा अधिकृत गणेशबहादुर कटुवालले जानकारी दिए।

मङ्गला गाउँपालिकाका पाँच वटा वडामा ४५ वटा बालविकास केन्द्रमा यस वर्ष तीन सय ७७ जना बालवालिका छन । दिवा खाजासँगै दूध वितरण गर्न गाउँपालिकाले प्रति विद्यार्थी १५ रुपैयाँका दरले अनुदान उपलब्ध गराउँछ । उक्त कार्यक्रमका लागि चालु आर्थिक वर्ष २०८२–०८३ मा ११ लाख ५० हजार रुपैयाँ बजेट बिनियोजन गरेको छ।

४४ वटा बालविकास केन्द्र संघीय सरकारबाट अनुमति पाएका हुन् । एक वटा बालविकास केन्द्र गाउँपालिकाले सञ्चालन गरेको छ । तल्लो तहबाटै बालबालिकालाई सामुदायिक विद्यालयमा आकर्षित गर्ने, पोषण अवस्थामा सुधार गर्ने र बालबालिकको विद्यालयमा टिकाउ दर बढाउन गत आर्थिक वर्षदेखि शुरु गरेको दूध वितरण गर्ने कार्यक्रम प्रभावकारी बनेको गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले बताए।

बहुक्षेत्रीय पोषणको अवधारणा अनुसार शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रसँग अन्तरसमन्वय हुने कार्यक्रम सञ्चालन गरेको उनले बताए । गत वर्ष यस कार्यक्रमबाट तीन सय ७३ जना बालबालिका लाभान्वित भएका थिए । विद्यालय र बालविकास केन्द्रले गाउँपालिकामा उपलब्ध गराउने विद्यार्थी भर्नाको विवरणको आधारमा खातामा बजेट पठाउने गरिएको छ।

विद्यालय र बालविकास केन्द्रले स्थानीय किसानसँग दूध किनेर बालबालिकालाई खुवाउने गरेका छन् । स्थानीय स्तरमै उत्पादन हुने दूधले बजार पाउनुका साथै गाईभैसी पाल्ने किसानलाई प्रोत्साहन मिलेको छ ।रासस


## कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीले यस बैंकको बसपार्क शाखा ,बिरगंज,पर्साबाट उपभोग गरेको आवधिक कर्जा लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नुहुन यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३,नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन,परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानूनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, व्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| |
|---|
| **ऋणीको नाम र ठेगाना** |
| १) पलक रायको नाती, लालचन रायको छोरा, जिल्ला पर्सा जिल्ला पर्सा, सखुवाप्रसौनी गा.पा. वडा नं. ०५ बस्ने (ना.प्र.न. ५७९४१५६७, जारी मिति २०५५/०५/२८, पर्सा) बर्ष ४७ को **जनार्दन प्रसाद यादव ।** |
| **कर्जाको सुरक्षण विवरण** |
| पलक रायको नाती, लालचन रायको छोरा, जिल्ला पर्सा जिल्ला पर्सा, सखुवाप्रसौनी गा.पा. वडा नं. ०५ बस्ने (ना.प्र.न. ५७९४१५६७, जारी मिति २०५५/०५/२८, पर्सा) बर्ष ४७ को **जनार्दन प्रसाद यादव**को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा विरगंज वडा नं १६, राद्येमाई हाल जिल्ला पर्सा विरगंज वडा नं १३, राद्येमाई स्थित किता नं. ६३३ को जम्मा क्षेत्रफल ००२०३.१६ व.मी. को घर जग्गा । |
| **प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ता :** |
| १)लालचान रायको बूहारी, जनार्दन प्रसाद यादवको पत्नी जिल्ला पर्सा, सखुवाप्रसौनी गा.पा. वडा नं. ०५, बस्ने (ना.प्र.न. ३४२०५०/४१७,जारी मिति २०६४/०१/११, जि.प्र.का. पर्सा) बर्ष ४५ को **उषा देवी ।** |
| **नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।** |

| | |
|---|---|
| Corporate Development Bank Ltd.<br>कर्पोरेट डेभलपमेन्ट बैंक लि.<br>first choice - financial friend<br>**नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था** | **प्रधान कार्यालयः**<br>**गीता मन्दिर रोड, वीरगंज,पर्सा**<br>**फोन नं. ०५१-५३१०३१**<br>शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज<br>ड्राईपोर्ट, श्रीसिया, बिरगंज ।<br>टेडारोड, चोर्नी, (जीतपुर) । |



धानबाली भित्र्याउँदै किसानः महोत्तरी जिल्लाको एकडारा गाउँपालिका–४ चकवा गाउँमा थ्रेसर मेसिनको सहायताले धान भित्र्याउँदै किसान । तस्बिरः रासस

# बालश्रम नियन्त्रण र व्यवस्थापन गर्न कार्यदल

जनकपुरधाम । मधेश प्रदेशमा बढिरहेको बालश्रम नियन्त्रण र व्यवस्थापनका लागि विशेष कार्यदल गठन गरिएको छ । राष्ट्रिय बाल अधिकार परिषद् मधेश प्रदेशको संयोजनमा बनेको कार्यदलमा बालबालिकाको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी तथा गैर–सरकारी संस्थाको प्रतिनिधित्व रहनेछ ।
जनकपुरधाममा भएको सरोकारवालाको बैठकले श्रम तथा रोजगार कार्यालय, स्थानीय तह, जिल्ला प्रहरी कार्यालय, उद्योग वाणिज्य सङ्घ, नेपाल पत्रकार महासङ्घ, आसमान नेपालसहित मानवअधिकारसम्बन्धी संस्थाहरूलाई समितिमा समावेश गर्ने निर्णय गरेको हो ।
राष्ट्रिय बाल अधिकार परिषद् मधेश प्रदेशका समन्वय अधिकारी सञ्जीव कुमार महतोका अनुसार कार्यदलले जोखिमपूर्ण श्रममा संलग्न बालबालिकाको उद्धार, आश्रय तथा पुनः स्थापनामा केन्द्रित भएर काम गर्नेछ । हाल मधेश प्रदेशका विभिन्न जिल्लामा ११.५ प्रतिशत बालश्रम रहेको तथ्याङ्क बैठकमा प्रस्तुत गरिएको थियो ।
प्रदेशभर इँटा भट्टा, होटल, टेन्टहाउस तथा यातायात क्षेत्र बालश्रमलाई सबैभन्दा जोखिमपूर्ण क्षेत्रका रूपमा पहिचान गरिएको छ । पछिल्लो समय बालहेल्पलाइनमा प्राप्त गुनासोका आधारमा ५७ बालबालिकालाई उद्धार गरी पुनः स्थापना गरिएको समितिले जनाएको छ । श्रम तथा रोजगार कार्यालय जनकपुरधामका प्रमुख दिवाकर भुजेलले सप्तरीदेखि सर्लाहीसम्मको क्षेत्रलाई समेटेर बालश्रम ऐन २०५६ विपरीत काम गराउने व्यक्ति तथा संस्थामाथि कानूनी कारबाही गर्ने अधिकार कार्यालयलाई प्राप्त भएको बताए । जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले नयाँ कार्यदलले प्रभावकारी ढङ्गले काम गर्ने विश्वास व्यक्त गर्दै यसले प्रदेशमा बालश्रमको दर घटाउने अपेक्षा राखे ।

# सात दिवसीय विवाह पंचमी महोत्सव सुरु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
त्रेतायुगमा भएको भगवान रामसीताको विवाहको सम्झनामा जनकपुरधाममा मनाइने विवाहपञ्चमी महोत्सव बिहीबारदेखि शुरु भएको छ । जनकपुरधामा विवाहपञ्चमी महोत्सव भव्यताका साथ सातदिनसम्म विभिन्न कार्यक्रम गरेर मनाउने गरिएको छ । विवाहपञ्चमी महोत्सवको पहिलो दिन बिहीबार नगरदर्शन भएको छ । त्रेता युगमा भारत अयोध्याका राजकुमार भगवान श्रीरामसँगै भाइ लक्ष्मण र गुरु विश्वामित्रसँग यही दिन मिथिला राजधानी जनकपुरधाम आएको सम्झनामा ‘नगर दर्शन’ गराइएको हो ।
गुरु विश्वामित्र, श्रीराम र लक्ष्मणको पहिरन तथा साजसज्जा गरी जानकी मन्दिर परिसरभित्र संकेतिक रुपमा नगर भ्रमण अर्थात् ‘नगर दर्शन’ गराइएको छ । जनकपुरधाममा हुन लागेको सीता स्वयम्बर र धनुष यज्ञमा सहभागी हुन आफनो गुरुका साथ जनकपुरमा आएका भगवान राम र लक्ष्मण नगर दर्शन अर्थात् जनकपुरधाम भ्रमण गरेका थिए । जनकपुरधामको भव्यता देखेर स्वयम्बरमा रामसमेत चकित भएको रामायणमा उल्लेख छ । रामायणमा त्रेतायुगमा जनकपुरधाम भव्य मात्र हैन समृद्ध समेत रहेको कारणले जनकपुरधाम रामलाई मोहित बनाएको थियो । रामजानकी विवाह महोत्सवअन्तर्गत दोस्रो दिन फूलबारी लीला, तेस्रो दिन धनुष यज्ञ, चौथो दिन तिलकोत्सव र पाँचौँ दिन मटकोर गरिनेछ । छैटौँ दिन सीताराम स्वयम्वर तथा शुभविवाह र सातौँ दिन (रामकलेवा) कार्यक्रम गरी विवाहपञ्चमी विधिवतरूपमा सम्पन्न हुनेछ । मिथिला नरेश राजा जनकको छोरी सीताको विवाहको स्मरणमा प्रत्येक वर्ष जनकपुरधाममा विवाहपञ्चमी महोत्सव मनाइने गरिन्छ ।
सीताराम विवाहपञ्चमी महोत्सवको अवसरमा जानकी मन्दिरलाई झकिझकाउ पारिएको छ । साताव्यापी महोत्सवमा सहभागी हुन भारत र नेपालका विभिन्न स्थानबाट श्रद्धालु जनकपुर आउन थालेका छन् । जनकपुरधाममा विवाहपञ्चमीलाई लिएर जानकी मन्दिरमा भव्य पाण्डाल निर्माण गरिएको छ । त्यसैगरी हरेक साँझ रामकथा र रामको चरित्र दर्शाउने गरी रामलीलासमेत मनाउने गरिएको छ । जनकपुरधाममा विवाहपञ्चमी महोत्सवलाई लिएर सरसफाई जस्ता कार्य भइरहेको छ । जनकपुरधाममा अहिले विवाहको गीतले गुन्जायमान बन्न थालेको छ । विवाहपञ्चमी महोत्सवको सुरुवात भएसँगै जनकपुरधाममा पर्यटकको समेत चहलपहल बढन थालेको छ । जानकी मन्दिरलाई रंगिचंगी बिजुली बत्तिले सजाउन थालिएको छ । जसले मन्दिर आकर्षित बनेको छ । सीताराम विवाहपञ्चमी महोत्सव जनकपुरधाममा भव्यरुपमा मनाउने गरिन्छ । साताभर महोत्सवअन्र्तगत विभिन्न कार्यक्रम गरिन्छ । बिहीबार नगर दर्शन, शुक्रबार राम सीता फुलबारी लिला, शनिबार धनुषयज्ञ, आइतबार रामसीता तिलकोत्सव, सोमबार जानकी मटकोर, मंगलबार विवाहपञ्चमी र बुधबार आएका जन्तीहरुको बिदाइ गरी महोत्सव सकिने छ ।

# दुई वडाध्यक्ष पक्राउ, जेन्जी समूह अझै...

बोलाइएको हो ।
उता, जेन्जीले भने वार्ताका लागि कलैया जान नसक्ने र जीतपुरसिमरा उपमहानगरपालिकामा वार्ता हुनुपर्ने अडान लिएका छन् ।
प्रमुख जिल्ला अधिकारी मिश्रले कमान्ड पोस्ट छोडेर आउन नमिल्ने र सदरमुकाम कलैया नै आउनुपर्ने प्रस्ताव गरेका छन् । प्रदर्शनकारी र प्रशासन दुवैपक्षसँग जीतपुर सिमरा उपमहानगरपालिकाका मेयर राजन पौडेलले वार्ताका लागि सहजीकरण गरिरहेको बताएका छन् । जेन्जीले भने कुटपिटमा संलग्न एमाले कार्यकर्ता अरविन्द साहलाई पक्राउ गरेपछि मात्रै वार्तामा बस्ने बताएका छन् ।

# मधेशको कुल गार्हस्थ उत्पादन...

प्रवाहित कुल कर्जामध्ये गैर खाद्यवस्तु उत्पादन उद्योगतर्फ ५१.७६ प्रतिशत, कृषि वन तथा पेय पदार्थ उत्पादन उद्योगतर्फ ३७.३९ प्रतिशत धातुको उत्पादन मेशिनरी तथा इलेक्ट्रोनिक्स एवम् धातुको सामानको उत्पादनतर्फ ४.१३ प्रतिशत, निर्माण उद्योगतर्फ ५.२६ प्रतिशत, खानी उद्योगतर्फ ०.८९ प्रतिशत र विद्युत ग्यास तथा पानी उद्योगतर्फ ०.५८ कर्जा प्रवाह भएको छ ।
आर्थिक वर्ष २०८१–८२ मा मधेश प्रदेशको नमूना छनौटमा परेको होटलमा कार्यरत कर्मचारीहरुको संख्यामा २०.४२ प्रतिशतले कमी आएको छ भने पर्यटकको आगमनमा १८.२५ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०८१–८२ मा घर जग्गा रजिष्ट्रेशन संख्या ३४.१७ प्रतिशतले वृद्धि भएको छ भने घर जग्गा रजिष्ट्रेशनबाट संकलित राजश्व १९.२९ प्रतिशतले कमी भएको छ ।
समीक्षा अवधिमा यस प्रदेशम बैंक तथा वित्तिय संस्थाले संकलन गरेको कुल निक्षेप १६.६८ प्रतिशतले वृद्धि भई ४ खर्ब ७३ करोड रुपैयाँ पुगेको छ भने यस प्रदेशमा प्रवाह गरेको कर्जा ३.६२ प्रतिशतले वृद्धि भई ४ खर्ब ९५ अर्ब ८६ करोड रुपैयाँ पुगेको छ ।
मधेश प्रदेशमा निर्माणाधीन र निर्माण हुने क्रममा रहेको राष्ट्रिय गौरवका आयोजनामा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, पूर्वपश्चिम रेलमार्ग, हुलाकी राजमार्ग, काठमाडौँ तराई मधेश द्रुतमार्ग र राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम कार्यान्वयनको चरणमा छन् ।
आयोजनाहरुमध्ये हुलाकी सडक मार्गको निर्माणको गति तुलनात्मक रुपमा तीव्र रहेको छ । आर्थिक वर्ष २०८१–८२ मा मधेश प्रदेशबाट वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिनेको संख्या १ लाख ९३ हजार ९ सय २ रहेको छ । यो संख्या मुलुकबाट श्रम स्वीकृति लिने कुल संख्याको २३.१० प्रतिशत हो ।

# माओवादीका दर्जनौँ नेताले गरे पार्टी परित्याग



**राकेश यादव**
**रौतहट ।**
रौतहटका नेकपा माओवादी केन्द्रका पूर्व जिल्ला इञ्चार्जसहित सैयौँ नेता कार्यकर्ताले सामूहिकरुपमा पार्टी परित्याग गरेको घोषणा गरेका छन् । तत्कालीन माओवादी केन्द्र नेपालका रौतहट जिल्ला इञ्चार्ज अशोक जायसवालले सदरमुकाम गौरमा पत्रकार सम्मलेन आयोजना गरेर नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको सत्तामोह, परिवारवाद, पदलोलुपताका कारण पार्टी परित्याग गरी पूर्व प्रधानमन्त्री डाक्टर बाबुराम भट्टराई र माओवादी नेता जनार्दन शर्मा नेतृत्वको प्रगतिशील राष्ट्रिय अभियानमा सहभागी हुने घोषणा गरे ।
पत्रकार सम्मेलनमा सम्बोधन गर्दै जायसवालले माओवादीको जुन लक्ष्यसहित उदय भएको हो, त्यो लक्ष्य र उद्देश्यलाइ प्रचण्डले आफ्नो स्वार्थका लागि दाहसंस्कार गरिदिएको आरोपसमेत लगाए ।
उनले विगतमा पटकपटक नेपाली कांग्रेस र नेकपा एमालेसँग चुनावी गठबन्धन गर्ने प्रचण्डले भ्रष्टाचारको आरोप लागेका पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसँग गरेको पार्टी एकताले माओवादी सिध्दिएको टिप्पणी समेत गरे ।
उनले भने, ‘प्रचण्डमा देखा परेका राजनीतिक, वैचारिक विचलन, संगठनमा नौकरशाहीतन्त्र, स्वार्थ केन्द्रित गतिविधिका कारण आजित भएर पार्टी परित्याग गरेका छौँ । हामी प्रचण्ड नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीमा नगई डाक्टर बाबुराम भट्टराई र जनार्दन शर्माको प्रगतिशील राष्ट्रिय अभियानमा लाग्नेछौँ ।’
नेकपा माओवादी केन्द्र नेपालका केन्द्रीय सदस्य एवम् पूर्वऊर्जाराज्यमन्त्री सत्यनारायण भगत बिनले पार्टीमा वर्षौंको लगानी र जनयुद्ध गरेको पार्टीमा प्रचण्डले आफ्नो स्वार्थका कारण बिलीन गरेको आरोप लगाए ।
नयाँ पुस्ताले उठाएको आवाज र मागविपरीत प्रचण्डले गतिविधि गरेकाले उनको साथ छोडेर माओवादको सिद्धान्त बोकेर अघि हिँडिरहेका नेता डाक्टर बाबुराम भट्टराईसँग जाने निधो गर्दै माओवादी छाडेको बताए ।
नेकपा माओवादी परित्याग गर्नेमा परोहा नगरपालिकाका नगर प्रत्यासी अरुण जायसवाल, माधव नारायण नगरपालिकाका प्रत्यासी देव नारायण भगत, ईशनाथ नगरपालिकाका नगर प्रत्यासी राम बचन साह, बौधिमाई नगरपालिकाका नगर प्रत्यासी जय प्रकाश साह, राजपुर नगरपालिकाका नगर प्रत्यासी हरिनारायण साह, ईशनाथ नगर इञ्चार्ज राजधारी साह, महिला नेत्री आशा देवी भगतलगायतका नेता र कार्यकर्ता छन् ।

# टाल्न नपाउँदै भत्किन्छ चन्द्रनिगाहपुर– बागमती महेन्द्र राजमार्ग

**मधेशदृष्टि**
**रौतहट ।**
पूर्व–पश्चिम महेन्द्र राजमार्गअन्तर्गत चन्द्रनिगाहपुरदेखि बागमतीसम्मको सडक अवस्था पछिल्लो समय अत्यन्त नाजुक बन्दै गएको छ ।
बारम्बार खाल्डाखुल्डी देखापर्ने र सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरले टालटुले मर्मत गर्दै जाने क्रम रोकिएको छैन । एकातिर खाल्डा पुर्ने काम भइरहेको छ भने अर्कोतिर नयाँ–नयाँ स्थानमा सडक भत्किँदै जाँदा सवारी–साधन आवतजावत पूर्ण रूपमा जोखिमपूर्ण बन्दै गएको स्थानीयले बताए ।
स्थानीय राजु तिवारीका अनुसार यो सडक खण्डमा आएको समस्या कुनै नयाँ होइन । वर्षेनी सडक उप्किने, भत्किने र पुनः टालटुले शैलीमा मर्मत हुने क्रम निरन्तर दोहोरिँदै आएको छ । तर, स्थायी समाधान खोज्ने, गुणस्तरीय मर्मत गर्ने र सडक बिग्रने अवस्थालाई रोक्ने किसिमको दीर्घकालीन योजना नहुँदा समस्या झन् जटिल बन्दै तिवारीको भनाइ रहेको छ ।
गुणस्तरीय सामग्री प्रयोग नगरी हतारहतार गरिएको काम र प्राविधिक मानकअनुसार मर्मत नहुँदा सडकको अवस्था वर्षैभरि जीर्ण नै रहने गरेको स्थानीय रामकुमार कटुवालको आरोप छ ।
धनसरदेखि बागमतीसम्मको करिब दुई दर्जन स्थानमा गहिरो खाल्डाखुल्डी बनेका छन् । सडक धसिनु, ग्राभेल र डामर उप्किनु, लेन अवरुद्ध हुनुजस्ता समस्या बढ्दै गएपछि सवारी चालकले दिन–रात दुवै समयमा यात्रा गर्न डर मान्ने गरेका छन् ।
विशेषगरी मोटरसाइकल र स्कुटर चालकका लागि यो सडक अत्यन्तै खतरनाक बन्दै गएको छ । राति उज्यालो अभाव र खाल्डा स्पष्ट नदेखिने कारण दुर्घटनाको जोखिम दोब्बर भएको चन्द्रनिगाहपुरका स्थानीय खडक बहादुर बमजनले बताए । अर्का स्थानीय सवारी चालक रङ्ग तिमल्सिनाले सडक डिभिजन कार्यालयको लापरवाही नै समस्याको मुख्य कारण भएको आरोप लगाए ।
‘सडक एक तिरबाट टालिन्छ, केही समयमै फेरि अर्को तिर भत्किन्छ ।
गुणस्तरहीन कामका कारण हरेक वर्ष यही समस्या दोहोरिन्छ । टालटुले मर्मत गर्दा केही दिन चल्छ, अनि फेरि उस्तै हालत हुनेगरेको छ,’ तिमल्सिनाले भने । उनका अनुसार अस्थायी मर्मतले सडक नचल्ने होइन, तर दिगो समाधान खोज्ने मनसाय नभएकै कारण सवारी चालक र यात्रुले नियमित रुपमा दुःख भोग्नुपरेको छ । यता, सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरले भने वर्षायामको प्रभाव, बढ्दो ट्राफिक चाप, भारी सवारी साधनका कारण सडक दबिने, फाट्ने र क्षति हुने समस्या बढेको बताउँदै आएको छ ।
सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरका सूचना अधिकारी शिव नारायण प्रसाद साहका अनुसार विशाल निर्माण सेवा सर्लाही बरहथवाले यस वर्ष रि–करेन्ट गरिरहेको बताए । निर्माण सेवाले गुणस्तरहीन काम गरिरहेको गुनासो आएको र अब निगरानी बढाइने उनले बताए । विशाल निर्माण सेवाले कतिमा टेन्डर लिएको र कति काम गर्ने विषयमा सूचना अधिकारी साह डाटा समेत दिन मानेनन् ।

# लिटमस केबल्स सुदूरपश्चिम रोयल्सको ‘कनेक्टिभिटी’ पार्टनर




**जनकपुरधाम ।**
दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) का लागि नेपालको अग्रणी तार तथा केबल उत्पादक लिटमस केबल्स सुदूरपश्चिम रोयल्सको ‘कनेक्टिभिटी’ पार्टनरको रूपमा जोडिएको छ ।
मंगलबार काठमाडौँमा लिटमस इन्डस्ट्रिज लिमिटेडका एसोसियट उपाध्यक्ष सन्जिव झा र सुदूरपश्चिम रोयल्सका प्रमुख कार्यकारी अधिकृत (सीईओ) प्रकाश खड्काले हस्ताक्षर गरे ।
सम्झौतापछि बोल्दै सुदूरपश्चिमका सीईओ खड्काले देशको अग्रणी ब्रान्ड लिटमससँग जोडिन पाउँदा खुशी व्यक्त गरे । उनले भने, ‘यसले सुदूरपश्चिमको टिमसँग राम्रो सम्बन्ध जोड्ने माध्यम बन्नेछ ।’ यसैगरी, लिटमस इन्डस्ट्रिजका एसोसियट उपाध्यक्ष सन्जिव झाले सुदूरपश्चिमसँगको सहकार्यले नेपालका प्रतिभाहरूलाई पहिचान गर्न र आगामी पुस्ताका खेलाडीलाई सशक्त बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले थपे, ‘हामी हाम्रा उत्पादनलाई मात्र होइन, राष्ट्रिय गौरवलाई बढावा दिने कुरामा पनि समर्थन गर्छौँ । त्यसैअनुरूप यो सम्झौता हो ।’ लिटमस केबल्स
सन् १९७७ मा स्थापित लिटमस इन्डस्ट्रिज लिमिटेड नेपालको सबैभन्दा ठूलो र विश्वसनीयताको केबल तथा कन्डक्टर ब्रान्ड हो । चार दशकभन्दा बढी समयदेखि यसले नेपालको विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । सन् २०१४ देखि रमेश कर्पको नेतृत्वमा सञ्चालित यो कम्पनी आफ्नो क्षेत्रमा नेपालको पहिलो र एक मात्र सार्वजनिक सूचीकृत कम्पनी पनि हो ।

सम्पादकीय

# सुरक्षा परिषद्को ध्यानाकर्षण भएको सिमरा घटना

बारामा बुधबारदेखि भएको झडप र प्रदर्शनको विषयलाई लिएर संघीय सरकारले बिहीबार सुरक्षा परिषद्को बैठक राखेर घटना न्यूनीकरणमा केन्द्रित हुने प्रयास गरेको छ । बिहीबार साँझ सम्पन्न बैठकमा बारा घटना र त्यसले पार्न सक्ने सुरक्षा चुनौती तथा आगामी दिनमा अपनाउनुपर्ने रणनीतिबारे छलफल भएको छ । यद्यपि छलफलले मात्रै निकास दिनसक्दैन । दिनदिनै भएका उद्योग, विमानस्थल, कलकारखाना, यातायात पनि कर्फ्यु लगाएर रोकेर राज्यको अर्थतन्त्रको गाडा नै रोक्ने काम भएको छ।

प्रधानमन्त्री सुशीला कार्कीले बोलाएको बैठकमा सुरक्षा निकायका प्रमुखहरुले सुरक्षा अवस्था र त्यसले पार्न सक्ने प्रभावबारे जानकारी गराएका थिए। बारामा जेन्जी युवा र एमालेका कार्यकर्ताबीच झडप भएपछि सिमरामा बिहीबार पनि प्रदर्शन रोकिएन । राज्यले कर्फ्युको सहारा लिए पनि जनजीवन प्रभावित र आतंकित भएको छ । अर्थतन्त्र थिलोथिलो भएको छ।

बिहीबार बिहानैदेखि जेन्जी युवाहरुले प्रदर्शन थालेपछि प्रशासनले राति ८ बजेसम्मका लागि कफ्र्यू आदेश जारी गरे पनि यो राजनीतिक समस्याको समाधान होइन । समाधान कसरी निकाल्ने भन्ने विषयमा सुरक्षा परिषद् गम्भीर बन्नुपर्छ । बैठकसँगै रणनीतिक हिसाबले पनि वार्ता र सम्वादमार्फत अघि बढ्न जरुरी छ।

# ‘हाइब्रिड’ले निम्तिदै छ सङ्कट

जनार्दन घिमिरे

इस्मा गाउँपालिका–६ स्थित घिमिरे कृषि तथा पशुपक्षी फर्मले गतवर्ष पाँच टन अरूण–२ जातको मकैको बीउ उत्पादन ग¥यो। किसानले भारतीय उन्नत जातको (हाइब्रिड) बीउ रोप्न थालेपछि २५ क्वीन्टल बीउ बिकेन । बीउ बिक्री गरी मनग्गे कमाउने सोचेका फर्म सञ्चालक कृष्ण घिमिरे अब बीउ उत्पादन गर्ने कि नगर्ने भन्ने दोधारमा छन्।

‘किसानलाई स्थानीय माटोमा उत्पादन भएको मकैको बीउ उपलब्ध गराउने उद्देश्यले बीउ उत्पादनमा लागेको थिएँ, तर अहिले किसानले हाइब्रिड बीउमा पल्केर स्थानीय जातको मकैको बीउमा रूचि राख्दैनन्,’ घिमिरेले भने, ‘नबिकेको बीउ खाद्यान्नको लागि सस्तो मूल्यमा बेच्न बाध्य भएँ ।’ उनले गाउँका रैथाने उन्नत बीउ मासिएपछि कुनै कारण आयातित बीउ रोकिए खेतबारी बाँझो रहने चिन्ता व्यक्त गरे । मदाने गाउँपालिका–६ स्थित पुर्कोट उद्यम कृषि सहकारी संस्थाले मनकामना–३ र देउती मकैको बीउ उत्पादन गर्दै आएको छ । यो वर्ष सहकारीले मनकामना–३ र देउती जातको मकैको ४० क्विन्टल बीउ बिक्री गर्न सकेन । सहकारी संस्था अध्यक्ष लोकहरी कुवँर भने, ‘भारतीय हाइब्रिड बीउले रैथाने जातको बीउ किसानले किन्न छाडेपछि बीउ बिक्न छाड्यो। बीउ बिक्री नहुँदा चार लाख घाटा लाग्यो ।’ विभिन्न सहकारी संस्थाको तथ्याङ्कअनुसार गुल्मीमा ६५ क्विन्टल बीउले बजार पाएन् । यहाँ अरुण–२, मनकामना–३ र देउती मकैको बीउ उत्पादन हुँदै आएको छ। धैरै उत्पादन हुने लोभमा किसानले हाइब्रिड बीउ रोप्न थालेपछि रैथाने बीउ सङ्कटमा परेको छ। केही वर्ष अघिसम्म स्थानीय जातको मकैको बीउ खोज्ने किसानको अहिले हाइब्रिड बीउमा रूचि छ। पछिल्लो समय स्थानीय तहहरुले किसानलाई रैथाने र उन्नत जातका असल बीउ खोजेर रोप्न प्रोत्साहन गरिरहेका छन् । पहिले पहिले गाउँघरमा घैटामा, धन्सारमा खरानीभित्र जोगाएर बीउ राख्ने चलन थियो । बीउ जोगाउने पहिलेको चलन अहिले हराएको छ । अहिले हाइब्रिड बीउबाट उत्पादन भएको खाद्यान्न बीउको रूपमा राख्न नसकिने किसानको भनाइ छ।

सत्यवती गाउँपालिकाका कृषि अधिकृत उपकार भण्डारीका अनुसार गाउँपालिकाले धान, मकैको उन्नत बीउ र चार प्रकारका कोदो, फापर र जुनेलोलगायतका रैथाने बालीका बीउ निःशुल्क वितरण गरिरहेको छ । पहाडी बाली अनुसन्धान केन्द्रबाट मूल बीउ ल्याएर किसानलाई मौसमअनुसार वितरण गर्ने गरिएको छ। रैथाने बाली कम फल्ने र ढल्ने भएका कारण किसान हाइब्रिडतिर आकर्षित भएको कृषि शाखा प्रमुख भण्डारी बताउँछन् । बालीरोग विशेषज्ञ प्रकाश मरासिनीको भनाइमा हाइब्रिड बीउ धैरै फले पनि स्वादका हिसाबले खान मीठो हुँदैन। हाइब्रिडमा नयाँ रोग आउँछन् । धानमा पोके र मकैमा ओइलाउने, कुहिने र जलवायुको जोखिम रहेको छ । उनले सरकारी निकायले उन्नत बीउ पर्याप्त दिन नसकेका कारण हाइब्रिड धैरै मात्रामा भित्रिएको बताए । उनी सरकारी निकायबाट हाइब्रिड बीउलाई प्रोत्साहन गर्न नहुने बताउँछन्।

व्यापारीले हाइब्रिड बीउलाई प्रोत्साहन गरिरहेका छन् तर सरकारी निकायले नियन्त्रण गर्न ध्यान दिइरहेका छैनन्। कृषि ज्ञान केन्द्रका सूचना अधिकारी टीकाराम न्यौपानेले रैथाने बाली प्रवद्र्धनअन्तर्गत धुर्कोट र इस्मामा काम गरेको र यान्त्रीकरणमा सहयोग गरेको बताए । चैतमा रोपेको मकै साउन महिनाको अन्तिममा पाक्ने गर्छ। गुल्मीमा २२ हजार ४ सय १८ हेक्टर क्षेत्रफलमा मकैखेती हुने गरेको छ। वर्षे मकै २० हजार ५ सय १३ र बसन्ते एक हजार ९ सय ५ हेक्टर क्षेत्रफलमा लगाउने गरिएको छ । जिल्लामा वर्षे मकै ७१ हजार २ सय ५ मेट्रिकटन र बसन्ते मकै पाँच हजार ९ सय ६७ मेट्रिकटन उत्पादन हुने कृषि ज्ञान केन्द्र गुल्मीले जनाएको छ । पछिल्लो समय किसानले उन्नत जातको मकैलाई प्राथमिकता दिन थालेका छन्। गुल्मीमा सबैभन्दा बढी क्षेत्रफलमा मकै लगाउने वर्षाको समयमा हो। उन्नततर्फ अरुण–२, मनकामना–३ र देउती जातको मकै धैरै लगाइन्छ। यो जिल्लामै उत्पादन हुने मकै हो । कृषि ज्ञान केन्द्रका अधिकारीका अनुसार करिब ७० प्रतिशत किसानले हाइब्रिड जात अर्थात सिपी र जेके मकै धैरै लगाउने गरेका छन् । किसानले धैरै उत्पादन गर्ने उद्देश्यले हाइब्रिड मकै लगाउने गरेका छन्।

**खाद्य सङ्कटको जोखिम**

उच्च पहाडी क्षेत्रमा कृषि उत्पादन कम हुने र मौसम परिवर्तनको असर बढी पर्ने भएकाले खाद्य सुरक्षा समस्या हुने गरेको छ । मौसमको उतारचढाव, बाढी र सुख्खाजस्ता प्राकृतिक प्रकोपले खेतीको उत्पादनलाई प्रभावित पार्ने भएकाले खाद्य सङ्कट निम्त्याउने जोखिम छ। अहिलैकै अवस्थामा कृषि ज्ञान केन्द्र गुल्मीको तथ्याङ्क हेर्दा मध्य साउनसम्म कतिपय फाँटहमा रोपाइँ हुन सकेन । यसले गर्दा किसानको बीउ बुढो भएकाले स्वभाविक रुपमा कम धान फल्ने आँकलन कृषि ज्ञान केन्द्र गुल्मीले गरेको छ । गुल्मीका धैरै गाउँमा उच्च गरिबी र सीमित स्रोतका कारण पोषणयुक्त खानेकुराको अभाव छ। बिहान बेलुकाको छाक टार्न समस्या नभए पनि सन्तुलित रुपमा खाना खाने परिवारको संख्या कम रहेको छ । पोषणयुक्त खाना नपाएमा बालबालिका र वृद्धहरुको स्वास्थ्यमा असर पु¥याउने गर्दछ । कृषि उत्पादनबाट प्राप्त हुने आहारले सामान्यतयाः प्रोटिन र अन्य पोषणका आवश्यक तत्व पु¥याउन नसक्ने भएकाले थप आहार व्यवस्थापन गर्न गरिब परिवारमा समस्या रहेको छ।

गुल्मी जिल्लाका सबै गाउँमा बाह्रैमास सडक सञ्चालनको सम्भावना छैन । वर्षात्को बेला लामो समय सडक अवरुद्ध हुँदा बजारबाट गाउँसम्म खाद्य आपूर्ति ढिला पुग्ने वा महँगो हुने समस्याले खाद्य सुरक्षा सङ्कट देखिने गरेको छ । विसं २०७६ मा सत्यवती गाउँपालिका–२, ३ र ४ मा गएको भिषण पहिरोका कारण बन्द भएका सडकका कारण पहिरो प्रभावित क्षेत्रमा झण्डै खाद्य सङ्कट निम्तिएको थियो । विस्थापित ३ सय परिवारलाई नेपाली सेनाको हेलिकप्टरमार्फत खाद्य व्यवस्थापनको काम गरिएको थियो।

मालिका गाउँपालिका–१, २ र ३ जिल्लाका विकट गाउँ हुन्। वर्षात्मा गाडी नियमित सञ्चालन हुने सम्भावना छैन्। यसले गर्दा प्रत्येक सामग्रीमा पाँचदेखि १५ प्रतिशतसम्म मूल्य वृद्धि गरेर व्यवसायीले सामान बिक्री गर्ने गरेको स्थानीय अगुवा रवीन्द्र विश्वकर्माले बताए । व्यक्तिका व्यावसायिक पसलबाट बिक्री वितरण हुने खाद्य सामग्रीलाई जिल्लामा केही सहकारीले सुपथ मूल्य पसल सञ्चालन गरेर सहजीकरण पनि गर्दै आएका छन्।

जिल्लामा दुई वर्षदेखि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले खाद्यान्न बिक्री वितरणको काम गर्दै आएको छ । जिल्लामा सदरमुकाम तम्घास र बाहिर मालिका, रुरुक्षेत्र र मदानेमा कम्पनीले डिपो स्थापना गरेको छ। अहिलेसम्म रु दुई करोडभन्दा बढीको खाद्यान्न बिक्री गरेको शाखाले जनाएको छ। तम्घासमा २०८० पुस १ गते यस कम्पनीको शाखा स्थापनासँगै तीन स्थानमा खरिदबिक्री केन्द्रसमेत सञ्चालन गरिएको थियो।

जनतालाई सहज र सुलभ तरिकाले खाद्य सामग्रीको आपूर्ति गर्ने उद्देश्यसहित शाखाको स्थापना भएको थियो । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालयका शाखा प्रमुख लक्ष्मी भण्डारीका अनुसार लुम्बिनी प्रादेशिक कार्यालय भैरहवाबाट एक हजार ९ सय ७६ क्विन्टल चामल ल्याइएको थियो । गुल्मीमा कृषि र पशुपालनबाट समृद्धिको आशा जाग्न थालेको छ । पहाडी जिल्लामा ठूला उद्योग कलकारखाना नभएका कारण कृषि र पर्यटन नै समृद्धिका मुख्य आधार हुन् । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र र कृषि ज्ञान केन्द्रका अनुसार चालु आर्थिक वर्षमा साढे चार अर्ब रुपैयाँको पशु र सवा अर्ब बराबरको कृषिजन्य उत्पादन भएको छ । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रको तथ्याङकअनुसार आव २०८१–८२ मा मासु, दूध र अण्डा गरेर चार अर्ब ५९ करोड २९ लाख चार हजार रुपैयाँको पशुजन्य उत्पादन भएको छ । त्यसमध्ये एक अर्ब ८४ करोड ३८ लाख १५ हजार रुपैयाँको दूध मात्रै उत्पादन भएको केन्द्रका प्रमुख हुमकान्त पाण्डेयले जानकारी दिए।

**दूध र माछा मासुको उत्पादन अवस्था**

गतवर्षको तुलनामा यो वर्ष जिल्लामा २.५१ प्रतिशत दूध उत्पादन वृद्धि भएको छ। अहिले जिल्ला बाहिर प्रत्येक दिन एक हजार ५ सय लिटर दूध निर्यात हुने गरेको छ । सत्यवती, रुरु क्षेत्रका फर्महरुबाट बढी दूध बिक्री हुने गर्दछ। गुल्मीमा राँगो, खसी बोका, कुखुरा, सुङ्गुर र बुङ्गुर तथा भेँडाको दुई अर्ब ५८ लाख २३ लाख चार हजार रुपैयाँ बराबरको मासु उत्पादन हुने गरेको पाण्डेयले बताए। त्यस्तै जिल्लामा १९ करोड ४१ लाख ७५ हजार रुपैयाँबराबरको अण्डा उत्पादन हुने गरेको उनले बताए।

त्यस्तै जिल्लामा एक अर्ब १५ करोड ७२ लाख ६० रुपैयाँ बराबरको कृषि उपज उत्पादन भएको कृषि ज्ञान केन्द्रका प्रमुख नरेश धितालले जानकारी दिए । तरकारीको लागि छत्रकोट, सत्यवती र रुरु क्षेत्र गाउँपालिका अब्वल छन् । त्यस्तै सुन्तला पनि जिल्लामा राम्रो उत्पादन देखिएको छ। जिल्लामा उत्पादन हुने २७ करोड २३ लाख ४६ हजार रुपैयाँको सुन्तलामध्ये १५ करोड ९२ लाख रुपैयाँको सुन्तला जिल्ला बाहिर निर्यात हुने गरेको छ। सुन्तलाको लागि रेसुङ्गा, धुर्कोट र छत्रकोट अब्वल छन्। कफीको जननी गुल्मीबाट अहिले दुई सय १२ मेट्रिकटन अर्थात दुई करोड एक लाख ४० हजार रुपैयाँ मूल्य बराबरको कफी उत्पादनमध्ये एक करोड ६५ लाखको जिल्ला बाहिर निर्यात भएको छ।

सङ्घ र प्रदेश तहका नीतिसँग अनुकूल हुने गरेर स्थानीय पोषण नीति तर्जुमा गर्ने, आवश्यक स्रोतको व्यवस्थापन गर्ने, दीर्घकालीन आवधिक तथा वार्षिक कार्यक्रममा पोषणमैत्री स्थानीय शासनसम्बन्धी कार्यक्रम समावेश गर्ने, वडा तथा गाउँबस्ती पहिचान गर्ने र सोही अनुसारका क्रियाकलाप सञ्चालन गर्ने समितिको काम रहेको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक ताराबहादुर कार्कीले जानकारी दिए । उनका अनुसार वडास्तरीय समिति पनि हुने र त्यसले पनि वडा तहबाट कार्यपालिकामा सिफारिस गर्ने काम गर्दछ । यो अभियानअन्तर्गत जिल्लाका स्थानीय तहले पूर्ण पोषणमैत्री पालिका घोषणा गर्ने योजना अघि बढाएका छन् । रासस

# विदेशका नेपालीले मतदान गर्न नपाउनुमा यस्ता छन् कारण र चुनौती



केशव भुल

संविधानले भन्छ, ‘प्रत्येक नागरिकसँग मताधिकार सुनिश्चित हुन्छ ।’ अहिले व्यापक बहसको विषय बनेको छ, विदेशमा रहेका नेपाली नागरिकका लागि मतदानको व्यवस्था । सर्वोच्च अदालतले पनि उक्त व्यवस्था सुनिश्चित गर्न सरकारलाई निर्देशन दिएको छ । निर्देशनपछि, सरकारले आन्तरिक रूपमा पहल गरिरहेको देखिन्छ । यद्यपि, प्राविधिक, आर्थिक र व्यवस्थापकीय दृष्टिकोणले तत्कालै विदेशमा रहेका नेपाली नागरिकका लागि मतदानको व्यवस्था गर्न सम्भव देखिँदैन।

निर्वाचन कानुनअनुसार, मतदान गर्न मतदाता नामावलीमा नाम दर्ता भएको र तोकिएको मतदान केन्द्रमा भौतिक रूपमा उपस्थित हुनुपर्ने प्रावधान छ। यस कारण, नेपालमै स्थायी घर भई रोजगारी वा अध्ययनका लागि अर्को ठाउँमा बसोबास गरिरहेका (अन्तर जिल्ला) नागरिकले समेत मतदान गर्न पाएका छैनन् । यो अवस्थामा विदेशमा रहेका लाखौँ नेपाली नागरिक मताधिकारबाट वञ्चित छन्।

सर्वोच्च अदालतले २०७५ सालमा विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकारको प्रयोग गर्ने व्यवस्था मिलाउन सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो। यस आदेशले सरकारलाई कानुन संशोधन गरी आवश्यक व्यवस्था मिलाउन बाटो खोलेको थियो । तर, लामो समय बितिसक्दा पनि ठोस प्रगति हुन सकेको छैन । विदेशमा रहेका नेपालीका लागि मतदानको व्यवस्था गर्न विभिन्न प्राविधिक, आर्थिक र व्यवस्थापकीय चुनौती छन्।

**प्राविधिक चुनौती**

विदेशमा रहेका नागरिकको यथार्थ तथ्यांक संकलन गरी मतदाता नामावलीमा अद्यावधिक गर्नु जटिल कार्य हो। कुन देशमा कति नेपाली छन् ? उनीहरूको स्थायी ठेगाना कहाँ हो ? र, उनीहरूमध्ये कसले, कुन निर्वाचन क्षेत्रमा मतदान गर्नेछन् ? यी तथ्यांक संकलन गर्नु जटिल कार्य हो । यसका लागि सम्बन्धित देशका दूतावास तथा नियोगले सक्रिय भूमिका निर्वाह गर्नुपर्छ, तर उनीहरूको हालको क्षमताले यो कार्य धान्न सक्दैन।

यस्तै विदेशमा मतदानका लागि विभिन्न प्रणाली अपनाउन सकिन्छ । जस्तै– दूतावास तथा नियोगमा मतदान गर्न सकिन्छ। यो सबैभन्दा सामान्य विकल्प हो, तर सबै नेपाली दूतावाससम्म पुग्न सक्दैनन् । भौगोलिक दूरी, यातायात खर्च रकमको व्यवस्थाका कारण धेरैका निम्ति यो सम्भव हुँदैन।

दोस्रो विकल्प हो, हुलाकबाट मतदान। यो प्रणाली केही देशमा प्रयोग भए पनि यसमा गोपनीयता र सुरक्षाको जोखिम हुन्छ । विद्यमान निर्वाचन प्रणालीअन्तर्गत मतदान हुँदा सुरक्षा घेराभित्रै बुथ लुटिने देशमा हुलाक आधारित मतदान ‘बाख्रीको पुच्छर काटे बोकालाई सजिलो’ भनेजस्तो हुन्छ । त्यसमाथि मतपत्र समयमै पुग्ने सुनिश्चितता, मतपत्रको दुरुपयोग रोक्ने र मतगणनामा यसलाई कसरी समावेश गर्ने भन्ने चुनौती हुन्छन् । तेस्रो विकल्प हो, इलेक्ट्रोनिक मतदान। ई–भोटिङ प्रविधि हालसम्म नेपालमा पूर्ण रूपमा लागू हुन सकेको छैन । विदेशमा यसको प्रयोग झन् जटिल हुन्छ। इन्टरनेटको पहुँच, साइबर सुरक्षा, ह्याकिङको जोखिम र मतदानको गोपनीयता सुनिश्चित गर्न ठूलो प्राविधिक पूर्वाधार र विशेषज्ञता चाहिन्छ।

अर्को प्राविधिक चुनौती हो, निर्वाचनपछिको नतिजा एकीकरणको। विदेशमा खसेका मतलाई नेपालको कूल मतगणनामा कसरी समावेश गर्ने भन्ने प्राविधिक चुनौती पनि छ । मतपेटिका नेपालसम्म कसरी सुरक्षित रूपमा पु¥याउने वा ई–भोटिङ भएमा डाटाको सुरक्षा कसरी गर्ने भन्ने महत्त्वपूर्ण प्रश्न हुन्।

**आर्थिक चुनौती**

विदेशमा मतदानको व्यवस्था गर्न ठूलो आर्थिक लगानी आवश्यक पर्छ । दूतावास तथा नियोगमा मतदान केन्द्र स्थापना गर्ने, कर्मचारी खटाउने, मतपत्र र अन्य निर्वाचन सामग्री ढुवानी गर्ने, सुरक्षाकर्मीको व्यवस्था गर्ने र प्रविधिको प्रयोग भएमा त्यसको विकास र मर्मत सम्भार गर्ने लगायतका खर्च धेरै हुन्छन् । नेपालको वर्तमान आर्थिक अवस्थामा यति ठूलो बजेट छुट्याउनु चुनौतीपूर्ण छ।

अर्को महत्त्वपूर्ण चुनौती हो, कर्मचारी व्यवस्थापन र तालिम सञ्चालन। विदेशमा निर्वाचन सञ्चालन गर्न पर्याप्त संख्यामा प्रशिक्षित कर्मचारी आवश्यक पर्छ । दूतावास तथा नियोगमा कार्यरत कर्मचारीलाई निर्वाचनसम्बन्धी तालिम दिनु र आवश्यक परेमा नेपालबाट थप कर्मचारी पठाउनुपर्ने हुन्छ । यसका लागि ठूलो आर्थिक भार पर्छ।

अर्को चुनौती छ, यातायात र सुरक्षा व्यवस्थापनको। मतपत्र र अन्य सामग्रीको ढुवानी, निर्वाचन अधिकृत र सुरक्षाकर्मीको आवतजावत, तथा मतपेटिकाको सुरक्षाका लागि लाग्ने खर्च उच्च हुन्छ । आर्थिक रूपमा स्वदेशकै निर्वाचन कार्यक्रम धान्न सरकारलाई धौ–धौ परिरहेको बेला विदेशमा मतदान व्यवस्थापन गर्दा स्वदेशको भन्दा दोब्बर खर्च हुन्छ । त्यसको व्यवस्थापन गर्ने स्रोत र सामथ्र्य देशले राख्छ ? यो गम्भीर प्रश्न हो।

व्यवस्थापकीय चुनौती

विदेशमा मतदानका लागि हालको निर्वाचन कानूनमा व्यापक संशोधन आवश्यक छ । मतदाता नामावली, मतदान प्रक्रिया, मतगणना र परिणाम घोषणासम्बन्धी नयाँ कानुन तथा नीति बनाउनुपर्छ । यसका लागि संसदमा छलफल गरी कानुन पारित गराउनुपर्छ, जुन समय लाग्ने प्रक्रिया हो । त्यसपछि विभिन्न निकायसँगको सहकार्य र समन्वय हो। परराष्ट्र मन्त्रालय, निर्वाचन आयोग, कानुन, अर्थ, गृह मन्त्रालय र अन्य सरोकारवाला निकायबीच घनिष्ठ समन्वय र सहकार्य आवश्यक हुन्छ । विदेशमा रहेका नेपाली नागरिकका संगठन र सम्बन्धित देशका सरकारसँग पनि सहकार्य गर्नुपर्ने हुनसक्छ।

यस्तै अर्को हो, भौगोलिक विकटताको चुनौती । नेपाली नागरिक विश्वका विभिन्न देशमा छरिएका छन्। सबै ठाउँमा मतदान केन्द्र पु¥याउनु भौगोलिक रूपमा निकै चुनौतीपूर्ण हुन्छ। विशेष गरी मध्यपूर्व र मलेसियाजस्ता देशमा जहाँ नेपाली कामदारको ठूलो संख्या छ, उनीहरूलाई एकै ठाउँमा जम्मा गराई मतदान गराउनु कठिन हुन्छ । उनीहरूले मतदानका निम्ति एक ठाउँबाट अर्को ठाउँमा जाने खर्च आफैँ व्यहोर्ने हो भने कम्तीमा एक महिनाको कमाई मतदानमा खर्च गर्नुपर्नेसम्मको स्थिति हुन्छ।

अमेरिकाका प्रत्येक जसो राज्यमा नेपालीको बसोबास छ । के त्यहाँका प्रत्येक राज्यपिच्छे मतदान केन्द्र राख्न सकिन्छ ? सकियो भने पनि कहाँ, कुन स्रोत वा व्यवस्थापनका आधारमा ? मानौं, राज्यपिच्छे नै केन्द्र राखिएछ । यदि त्यस्तो भयो भने पनि एकै राज्यभित्रको एक सहरबाट अर्को सहरको यात्रा निकै लामो र खर्चालु हुन्छ।

यस्तै जनचेतना र सहभागिता पनि अर्को चुनौती हो। विदेशमा रहेका नेपाली नागरिकलाई मतदान प्रक्रिया र त्यसको महत्वबारे जानकारी गराउनु उत्तिकै महत्त्वपूर्ण छ । उनीहरूलाई मतदानमा सहभागी हुन उत्प्रेरित गर्न व्यापक जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ।

अर्को जटिलता छ, द्विपक्षीय सम्बन्ध र सम्झौताको । केही देशले आफ्नो भूमिमा विदेशी राष्ट्रका लागि मतदान केन्द्र स्थापना गर्न अनुमति नदिन सक्छन् । यस्तो अवस्थामा सम्बन्धित देशसँग द्विपक्षीय सम्झौता र कूटनीतिक पहल आवश्यक पर्छ । यो काम आज गरेर भोलि नै परिणाम आउने होइन। समय लाग्छ।

नेपालमा रहेका नागरिकलाई समेत स्थायी ठेगानाभन्दा बाहिर अस्थायी बसोबास गरेका कारण मतदानबाट वञ्चित भइरहेको अवस्थामा, विदेशमा रहेका नागरिकलाई तत्कालै मतदानको व्यवस्था गर्नु व्यावहारिक रूपमा असम्भव देखिन्छ । यो विषय राजनीतिक रूपमा आकर्षक लागे पनि कार्यान्वयन गर्न ठूलो तयारी, पूर्वाधार र समय आवश्यक पर्छ।

अहिलेको सरकारले के गर्न सक्छ?

सरकारले तत्कालै विदेशमा मतदानको व्यवस्था गर्न नसके पनि आवश्यक तयारी भने सुरु गर्न सक्छ । अर्थात्, प्रारम्भिक चरणको अध्ययन र अनुसन्धान। विदेशमा रहेका नेपालीको तथ्यांक संकलन, विभिन्न देशका उत्कृष्ट अभ्यासको अध्ययन र नेपालको सन्दर्भमा उपयुक्त मतदान प्रणालीको पहिचानका लागि विस्तृत अध्ययन र अनुसन्धान गर्न सक्छ । यस्तै, कानुनी र नीतिगत सुधारको खाका बनाउन पनि सकिन्छ । जसमा निर्वाचन कानूनमा आवश्यक संशोधनको खाका तयार गर्ने र सरोकारवालासँग छलफल गर्ने कार्य अगाडि बढाउन सकिन्छ।

जनचेतना अभिवृद्धिको कार्य पनि गर्न सकिन्छ । त्यसअन्तर्गत विदेशमा रहेका नेपालीलाई मताधिकारको महत्त्व र यसको कार्यान्वयनमा रहेका चुनौतीबारे जानकारी गराउने कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यस्तै, प्राविधिक पूर्वाधारको विकास पनि गर्न सकिन्छ। जसका लागि ई–भोटिङजस्ता प्रविधिको विकास र साइबर सुरक्षाको सुदृढीकरणका लागि अहिलेदेखि नै काम सुरु गर्न सकिन्छ।

विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार दिनु लोकतन्त्रको सुदृढीकरणका लागि महत्त्वपूर्ण कदम हो । यद्यपि, वर्तमान सन्दर्भमा प्राविधिक, आर्थिक र व्यवस्थापकीय चुनौतीका कारण तत्कालै यो सम्भव देखिँदैन। नेपालमै स्थायी घर भएर अर्को ठाउँमा रोजगारी तथा अध्ययनको सिलसिलामा बसोबास गरिरहेका नागरिकले समेत मतदान गर्न नपाएको अवस्थामा विदेशमा त्यो व्यवस्थापन गर्नु आजकै स्थितिलाई हेर्दा असम्भव नै हो। पहिले स्वदेशभित्रका नागरिकको मताधिकार सुनिश्चित गर्नु आवश्यक छ।

त्यसपछि मात्रै विदेशमा रहेका नागरिकका लागि मताधिकारको व्यवस्था गर्नेबारे ठोस योजना बनाउनुपर्छ । यसका लागि सरकारले हतार नगरी दीर्घकालीन सोचका साथ चरणबद्ध रूपमा अगाडि बढ्नुपर्छ। यस विषयमा सरकारले ठोस कदम चाल्दै गर्दा एकातर्फ राजनीतिक इच्छाशक्ति र अर्कोतर्फ प्राविधिक तथा व्यवस्थापकीय क्षमताको विकासमा ध्यान दिनु अपरिहार्य छ।

# सशस्त्र प्रहरी बलको 'ओएण्डएम' स्वीकृत

**काठमाडौं।**
सशस्त्र प्रहरी बल नेपालका १७ जिल्लामा रहेका अस्थायी गुल्म, ४५ वटा प्रस्तावित सीमा सुरक्षा गुल्म र २ सय १५ वटा बिओपी स्थायी हुने भएका छन्। सङ्गठनले हालै गरेको सङ्गठन तथा व्यवस्थापन (ओएण्डएम) सर्वेक्षण मन्त्रिपरिषद्बाट स्वीकृत भएसँगै यी कार्यालय स्थायी हुने भएका हुन्।

पहाडी जिल्लामा रहेका आश्रित गुल्म स्थायी भएसँगै कानुनी र प्रशासनिक रूपमा थप जिम्मेवार हुँदै जिल्लाको शान्ति सुरक्षा कायम गर्ने कार्य प्रभावकारी हुने सशस्त्र प्रहरी बलका सह–प्रवक्ता डिएसपी शैलेन्द्र थापाले बताए। यसैगरी कुरिनटारमा रहेको ट्रमा सेन्टर, सातै वटा प्रदेशमा रहेका फिल्ड अस्पतालसमेत स्थायी संरचनामा सञ्चालन हुने भएका छन्।

यसअघि सशस्त्र प्रहरी बल नेपालका १ सय ११ कार्यालय मात्र स्थायी रहेकोमा यो निर्णयसँगै स्थायी कार्यालयको संख्या ३ सय ९६ वटा पुगेको डिएसपी थापाले जानकारी दिए।

साङ्गठानिक सुधार तथा केही पदको समायोजन र विभिन्न कार्यालयको स्तरबृद्धि गरी नयाँ संरचना तयार गरिएको सशस्त्रले जनाएको छ। संरचनामा कीर्तिपुरस्थित सशस्त्र प्रहरी बल नेपाल नं १८ निलबाराही गणको स्तरबृद्धि गरी सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकको कमाण्डमा रहने गरी सशस्त्र प्रहरी बल नेपाल हुल तथा दङ्गा व्यवस्थापन विशेष गण बनाइएको छ।

यसबाट काठमाडौं उपत्यकामा शान्ति सुरक्षा कायम गर्न थप सहजता हुनेछ। आठ सय जनाभन्दा बढी जनशक्ति रहने उक्त गणबाट हुल तथा दङ्गा व्यवस्थापनका लागि विशेष तालिम प्राप्त सुरक्षा फौज ठुलो संख्यामा एकै पटक परिचालन गर्न सहजता हुनेछ।

त्यसैगरी विशिष्ठ व्यक्ति, महत्वपूर्ण प्रतिष्ठान तथा कुटनीतिक नियोगसमेतको सुरक्षा हेर्ने गरी काठमाडौं कान्तिपथस्थित सशस्त्र प्रहरी बल नेपाल नं २४ बाघभैरव गुल्मलाई गणमा स्तरोन्नती गरिएको छ। यसबाट ती निकायमा सुरक्षार्थ सोही प्रकृतिका तालिम प्राप्त सुरक्षा फौज परिचालन हुनेछन्। यसअघि फिल्ड अस्पताल र कुरिनटारको ट्रमा सेन्टरमा प्राविधिक सशस्त्र प्रहरी निरीक्षक चिकित्सकको कमाण्ड रहेकोमा अब प्राविधिक सशस्त्र प्रहरी नायव उपरीक्षक चिकित्सकले कमाण्ड गर्नेछन्। स्थायी भएसँगै ती अस्पतालबाट आम सर्वसाधरणले समेत स्वास्थ्य सेवा पाउने छन्।

यसैगरी सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा रहेको कानुन महाशाखालाई निर्देशनालयमा स्तरोन्नती गरी सशस्त्र प्रहरी नायव महानिरीक्षकको दरबन्दी थप गरिएको छ। विपद् व्यवस्थापनको म्याण्डेटलाई थप प्रभावकारी बनाउनको लागि विपद् व्यवस्थापन महाशाखालाई निर्देशनालयमा स्तरबृद्धि गरी सशस्त्र प्रहरी नायव महानिरीक्षकको दरबन्दी थपिएको छ।

यसैगरी इन्टेलिजेन्स व्यूरोको कामकारवाहीलाई थप प्रभावकारी बनाउको लागि अधिकृतस्तरका ३८ जनासहित सशस्त्र प्रहरी नायव महानिरीक्षकको कमाण्डमा रहने गरी दरबन्दी थप गरिएको छ। व्यूरोमा अब जुनियर अधिकृत तथा सोभन्दा माथिका जनशक्ति मात्र रहने छन्।

यससँगै सशस्त्र प्रहरी बल नेपालमा तीन जना सशस्त्र प्रहरी नायव महानिरीक्षकको दरबन्दी थप भएको छ भने नं १८ निलबाराही गण कीर्तिपुर रेजिमेन्टको स्तरोन्नतीसँगै सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकसमेतको दरबन्दी थप भएको छ।

यसैगरी सशस्त्र प्रहरी बलका १० तालिम शिक्षालयको दरबन्दी संरचनालाई समेत समान संरचना बनाइने भएको छ। अब सबै शिक्षालयमा दरबन्दी संख्या एउटै हुनेछ। विपदमा खटिदा मृत्यु भएमा एक तह बढुवासहित पारिवारीक निवृत्तीभरण उपलब्ध गराइने भएको छ।

सशस्त्र प्रहरी बल नेपालको चौँथो संशोधन नियमावली, २०८२ मा विपद्मा खटिदा मृत्यु भएका कर्मचारीलाई एक तह बढुवासहित पारिवारीक निवृत्तीभरण उपलब्ध गराइने व्यवस्था भएको छ। यसबाट बिपद्मा खटिने सुरक्षाफौजको मनोवल उच्च हुने समेत विश्वास गरिएको थापाले बताए।रासस

# संयमता अपनाउन संयोजक दाहालको आग्रह

**काठमाडौं।**
नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाराको सिमरामा भएको विरोध प्रदर्शनलाई थप हिंसात्मक तथा नियन्त्रणबाहिर जान दिन सबै पक्षलाई संयमता अपनाउन अनुरोध गरेका छन्।

लोकतन्त्रमा राजनीतिक तथा वैचारिक मतभिन्नता हुनु स्वाभाविक हो भन्नुहुँदै उनले सिमाराको घटनालाई हिंसा वा उत्तेजनामा रुपान्तरण गर्नु लोकतान्त्रिक संस्कृति नभएको बताएका छन्।

'राजनीतिक तथा वाक–स्वतन्त्रताको सम्मान गर्दै राजनीतिक दल र दलका नेतालाई निर्वाधिरूपमा हिड्डुल गर्ने, सभा–सम्मेलन गर्ने वातावरण निर्माण गर्न सरकारको ध्यानाकर्षण गराउँदछु,' संयोजक दाहालद्वारा जारी वक्तव्यमा उल्लेख छ।

यसैगरी घोषित निर्वाचनलाई शान्तिपूर्ण र निष्पक्ष बनाउन कुनै पनि घटनाले नकारात्मक प्रभाव नपारोस् भन्ने विषयमा सचेत र जिम्मेवार बन्न सम्बद्ध सबै पक्षसँग उनले आग्रह गरेका छन्।

मुलुकमा विकसित घटनाक्रम र परिस्थितिलाई सामान्य बनाउने सन्दर्भमा आवश्यक सहजीकरणको भूमिका निर्वाह गर्न स्थानीय पार्टी समितिलाई संयोजक दाहालले निर्देशन दिएका छन्।रासस

# तोकिएकै मितिमा निर्वाचन गर्नु प्रमुख कार्यभारः गृहमन्त्री

**काठमाडौं।**
गृहमन्त्री ओमप्रकाश अर्यालले प्रतिनिधिसभाको निर्वाचन तोकिएकै मितिमा शान्तिपूर्ण ढङ्गबाट सम्पन्न गर्नु सरकारको प्रमुख कार्यभार भएको बताएका छन्। बिहीबार गृह मन्त्रालयमा आयोजित आर्थिक वर्ष २०८२–८३ को प्रथम चौमासिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा उनले निर्वाचनका लागि आवश्यक तयारीका लागि सबै निकायलाई उच्च प्रतिबद्धताका साथ जुट्न निर्देशन दिए।

जेन्जी आन्दोलनपछि उत्पन्न अवस्था र जनभावनालाई दृष्टिगत गर्दै सेवा प्रदायक निकायले आफ्नो काम कारबाही छिटोछरितो बनाउने, प्रक्रियालाई सरलीकृत गर्ने तथा सेवालाई सकेसम्म विद्युतीय माध्यमबाट प्रवाह गर्ने व्यवस्था मिलाउन उनले निर्देशन दिए।

'सेवाग्राहीले अनावश्यक झन्झट व्यहोर्नु नपर्ने गरी काम गर्न सबै निकायलाई निर्देशन गर्दछु,' मन्त्री अर्यालले भने। आगामी निर्वाचनका लागि आवश्यक बजेट तथा कार्यक्रम सहज रूपमा उपलब्ध गराएकोमा मन्त्री अर्यालले अर्थ मन्त्रालयलाई धन्यवाद दिए। समीक्षा क्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र सङ्घीय मामिला मन्त्रालयले दिएको सुझावलाई मनन गरी कार्यान्वयनमा लैजाने प्रतिबद्धता पनि उनले व्यक्त गरे।

मन्त्री अर्यालले मन्त्रालय मातहतका निकायले वार्षिक कार्ययोजना, 'माइलस्टोन' तथा आन्तरिक प्रगतिलाई नियमित समीक्षा गर्दै लक्ष्यअनुरूप परिणाम हासिल गर्नेगरी काम गर्न मन्त्री अर्यालले निर्देशन गरे।

सेवा प्रदायक निकायले एउटै विवरण बारम्बार माग्ने प्रथाको अन्त्य गर्न, राष्ट्रिय परिचयपत्र प्रणालीलाई अन्य निकायसँग क्रमशः आबद्ध गर्नुपर्नेमा उनले जोड दिए।

त्यस अवसरमा गृह सचिव रामेश्वर दङ्गालले सुशासन र पारदर्शितालाई कार्यसम्पादनको मूल आधार बनाई काम गर्न मातहतका सबै निकायलाई निर्देशन दिए।

विशेषगरी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सेवाबाट गृह मन्त्रालयको कार्यसम्पादन झल्किने भएकाले त्यसलाई अझ प्रभावकारी बनाउन सचिव दङ्गालले जोड दिए।

सहसचिव तथा मूल्याङ्कन महाशाखा प्रमुख सुरेश पन्थीले चालु आर्थिक वर्षको पहिलो चौमासिकसम्म गृह मन्त्रालयको वित्तीय प्रगतिबारे जानकारी दिदै चालु खर्चतर्फ २० दशमलव ९२ प्रतिशत र पुँजीगत खर्चतर्फ १० दशमलव ६५ प्रतिशत प्रगति हासिल भएको प्रस्तुत गरे।रासस

# निर्माणाधीन संसद् भवनको अवलोकन



**काठमाडौं।**
प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे र राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाललगायतको टोलीले बिहिवार सिंहदरबारस्थित निर्माणाधीन संसद् भवनको अवलोकन गरेका छन्।

अवलोकनपछि प्रतिक्रिया दिनुहुँदै सभामुख घिमिरेले संसद् भवन निर्माणको गति सन्तोषजनक नभए पनि काममा भने केही प्रगति भएको बताए। निर्माण कम्पनीले आगामी चैतसम्म निर्माण सम्पन्न गर्ने भने पनि समय पर्याप्त नभए पनि चाँडै संसद् भवन निर्माण सम्पन्न हुनेमा विश्वास व्यक्त गरे।

राष्ट्रियसभाका अध्यक्ष दाहालले अघिल्लो अवस्थाका तुलनामा अहिले निर्माण कार्यमा प्रगति भएको पाइएको बताए।

अवलोकन टोलीमा राष्ट्रियसभाका उपाध्यक्ष, सङ्घीय संसद्का महासचिव, सचिव तथा कर्मचारीलगायत सहभागी थिए। रासस

# उपराष्ट्रपति यादवसँग युएईका राजदूतको शिष्टाचार भेटवार्ता



**काठमाडौं।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि संयुक्त अरब इमिरेट्स (युएई) का राजदूत सइद मुबारक जर्वान अल शम्सीले बिहिवार लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेटवार्ता गरेका छन्।

भेटवार्तामा नेपाल र युएईबीचको द्विपक्षीय सम्बन्ध, उच्चस्तरीय भ्रमण, श्रम, आर्थिक तथा बहुपक्षीय सहकार्यका विषयमा छलफल भएको उपराष्ट्रपतिको सचिवालयले जनाएको छ। उपराष्ट्रपति यादवले सन् १९७७ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि दुई देशबीच आपसी विश्वास, मित्रता र सहयोगका आधारमा सम्बन्ध निरन्तर सुदृढ हुँदै आएको उल्लेख गरे।

सन् २०२५ अप्रिलमा युएईका उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री शेइख अब्दुल्ला बिन जायेद अल नाह्यानले गर्नुभएको नेपालको भ्रमणलाई द्विपक्षीय सम्बन्धको इतिहासमा महत्वपूर्ण उपलब्धिका रूपमा स्मरण गर्नुहुँदै राजदूत शम्सीले यस्ता भ्रमणले दुई देशबीचको सहकार्यलाई अझ मजबुत बनाउने विश्वास व्यक्त गरे।

उपराष्ट्रपति यादवले रमजान महिनाका अवसरमा यस वर्ष युएई सरकारले २८६ नेपाली नागरिकलाई प्रदान गरेको आममाफीप्रति आभार व्यक्त गर्दै नेपाली श्रमिकलाई रोजगारीका अवसर उपलब्ध गराइएकामा युएई सरकारलाई धन्यवाद दिए। सूचना प्रविधि, इञ्जिनियरिङ, स्वास्थ्य सेवा, होटल व्यवस्थापनलगायत क्षेत्रमा अर्ध–दक्ष तथा दक्ष नेपाली श्रमिकको माग बढ्ने सम्भावना रहेको उल्लेख गर्दै उनले वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र सम्मानजनक बनाउन नेपाल प्रतिबद्ध रहेको स्पष्ट पारे। नेपाल र युएईबीच आर्थिक सहकार्य विस्तारको सम्भावना रहेको उल्लेख गर्दै उपराष्ट्रपति यादवले पूर्वाधार, कृषि, स्वास्थ्य, स्वच्छ ऊर्जा, पर्यटन तथा खानेपानीका क्षेत्रमा सहकार्य अघि बढाउन सकिने बताए। नेपालले लगानीका लागि कानुनी तथा संस्थागत तयारी पूरा गरेको र प्राथमिक क्षेत्रमा विदेशी लगानीलाई स्वागत गर्ने उनको भनाइ थियो।

भेटमा राजदूत शम्सीले नेपाल र नेपालीप्रति युएईको आत्मीयता रहेको उल्लेख गर्दै अन्तरराष्ट्रिय मञ्चमा युएईलाई नेपालले दिएको सहयोगप्रति आभार व्यक्त गरे।

'युएई नेपाली श्रमिकका लागि नेपालमै सीप विकास केन्द्र खोल्न तयार छ,' राजदूत शम्सीले भने, 'युएई ऊर्जा, प्रविधिलगायत क्षेत्रमा नेपालसँग सहकार्य गर्न इच्छुक छ।'रासस

# टेलिकमको बिलिङ प्रणाली खरिदबारे प्रतिवेदन बुझाइयो



**काठमाडौं।**
नेपाल टेलिकमको बिलिङ प्रणाली खरिद प्रकरणका सम्बन्धमा गठित छानबिन समितिले प्रतिवेदन बुझाएको छ। छानबिन समितिका संयोजक पूर्वसचिव मणिराम गेलालले आज सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेललाई उक्त प्रतिवेदन हस्तान्तरण गरेका छन्।

प्रतिवेदन बुझ्दै मन्त्री खरेलले मन्त्रालयको आन्तरिक प्रयोजनका लागि समिति गठन गरिएको उल्लेख गर्दै प्रतिवेदनका आधारमा नेपाल टेलिकमको बिलिङ प्रणाली खरिद प्रक्रिया अवरुद्ध नहुने स्पष्ट पारे।

'नेपाल टेलिकमको बिलिङ प्रणाली खरिद प्रक्रियामा प्रतिवेदन आफैले अवरोध गर्दैन, नेपाल टेलिकम कानूनको परिधिभित्र रहेर निर्णय गर्नका लागि स्वतन्त्र छ,' उनले भने। मन्त्री खरेलले बिलिङ खरिद प्रक्रियाका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट समेत चासो राख्दै पत्र प्राप्त भएकाले सन्दर्भ सामग्रीका रुपमा अध्ययन प्रतिवेदन तयार पारिएको बताए। आफूले भर्खरै प्रतिवेदन प्राप्त गरेको र अध्ययनको चरणमै रहेको उनको भनाइ थियो। प्रतिवेदनले दिएका सुझावहरु आगामी दिनमा खरिद प्रक्रियाका लागि सहयोगी हुने मन्त्री खरेलले बताए।

छानबिन समितिका संयोजक पूर्वसचिव गेलालले यस अध्ययन प्रतिवेदनले नेपाल टेलिकमको बिलिङ प्रणाली खरिद प्रक्रियामा भएका गोप्य बोलपत्र मूल्याङ्कनलाई प्रभावित नहुने स्पष्ट पारे।

'हामीले प्रतिवेदनमार्फत नेपाल टेलिकमले प्रतिष्पर्धी बजारमा आफूलाई स्थापित गराउन र सेवाग्राहीका व्यक्तिगत विवरणको गोपनीयता तथा सुरक्षाका सम्बन्धमा केही सुझाव पनि दिएका छौं,' उनले भने।

पूर्वसचिव गेलाल संयोजक रहेको छानबिन समितिको सदस्यहरुमा सहसचिवत्रय गौरव गिरी, आदेश खड्का र कृष्ण पन्त, दूरसञ्चार प्राधिकरणका उपनिर्देशक प्रदीप पौडेल, नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका प्रबन्धक डा कमल लामिछाने र मन्त्रालयका उपसचिव राजेश थापा थिए। रासस

# बागमतीमा पहिलो चौमासिकमा ११ अर्ब ५९ करोड राजस्व सङ्कलन

**बागमती।**
चालु आर्थिक वर्षको पहिलो चार महिनामा बागमती प्रदेश सरकारले वार्षिक लक्ष्यको १७ दशमलव १८ प्रतिशत अर्थात् ११ अर्ब ५९ करोड ११ लाख ४१ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ।

घरजग्गा रजिष्ट्रेशन (मालपोत) र सवारीसाधन कर प्रदेश सरकारको राजस्व सङ्कलनको मुख्य स्रोत मानिन्छ।

दुवै शीर्षकसहित बाँडफाँट आव २०८२–८३ मा ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार रुपैयाँ राजस्व सङ्कलन हुने अनुमान गरिएकोमा साउनदेखि कात्तिकसम्ममा लक्ष्यको २२ दशमलव ४५ प्रतिशत अर्थात् छ अर्ब ९३ करोड ६४ लाख ४६ हजार रुपैयाँ राजस्व सङ्कलन भएको बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा योजना विकास मन्त्रालयका सूचना अधिकारी सुरज पौडेलले जानकारी दिए।

चालु आव २०८२–८३ मा घरजग्गा रजिष्ट्रेशन शीर्षकबाट सात अर्ब ७० करोड रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकमा चारमा त्यसको करिब १६ दशमलव ७ प्रतिशत अर्थात् एक अर्ब २३ करोड ७० लाख ३५ हजार रुपैयाँ राजस्व सङ्कलन भएको छ।

यस्तै प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट पर्मिट, सवारीचालक अनुमतिपत्र वितरण तथा नवीकरणअन्तर्गत सवारी कर शीर्षकबाट आव २०८२–८३ मा आठ अर्ब २५ करोड रुपैयाँ अनुमान गरिएकोमा कात्तिक महिनासम्म २८ दशमलव दुई प्रतिशत अर्थात् दुई अर्ब ३१ करोड १८ लाख ४२ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ।

प्रदेश सरकारले बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि करबापत आठ अर्ब ७९ करोड ८६ लाख ६७ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा सो अवधिसम्ममा दुई अर्ब ४९ करोड ५५ लाख ३५ हजार रुपैयाँ सङ्कलन भएको छभने अन्तःशुल्क करबापत चार अर्ब तीन करोड ७९ लाख नौ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा ८४ करोड ३६ लाख २१ हजार रुपैयाँ प्राप्त भएको मन्त्रालयले जनाएको छ।

त्यसैगरी, सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत १४ अर्ब ८१ करोड ९३ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा पहिलो चार महिनाको अवधिमा त्यसको २३ दशमलव ३७ प्रतिशत अर्थात् तीन अर्ब ४६ करोड ३४ लाख ७१ हजार रुपैयाँ मात्र प्राप्त भएको सूचना अधिकारी पौडेलले बताए।

चालु आव २०८२–८३ मा प्रदेश सरकारको आन्तरिक स्रोतबाट सङ्कलित राजस्वबाट चार अर्ब ७७ करोड ७४ लाख २५ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा चार महिनाको अवधिमा लक्ष्यको २३ दशमलव ७० प्रतिशत अर्थात् एक अर्ब १३ करोड २२ लाख २८ हजार रुपैयाँ मात्र प्राप्त भएको छ।रासस

# बर्खे धानको समर्थन मूल्य नपाएको किसानको गुनासो

**चितवन ।**
यहाँका किसानले बर्खे धानको समर्थन मूल्य नपाएको गुनासो गरेका छन् । बागमती प्रदेश सरकारले तोकेको मूल्य आफूहरूले नपाएको उनीहरूको गुनासो छ ।

प्रदेश सरकारले प्रतिक्विन्टल मोटा धानको न्यूनतम समर्थन मूल्य तीन हजार ४ सय ६३ रुपैयाँ र मध्यमको तीन हजार ६ सय २८ रुपैयाँ प्रतिक्विन्टल तोकेको भए पनि यहाँका किसानले निर्धारित मूल्यअनुसार धान बिक्री नभएको बताएका छन् । माडी नगरपालिका–३ का किसान ओमप्रकाश महतो अहिले आफूहरुले प्रतिक्विन्टल मोटा धान दुई हजार ६ सय रुपैयाँ र मध्यम धानको तीन हजार १ सय रुपैयाँमा बिक्री गर्नुपरेको गुनासो गरे ।

भरतपुर महानगरपालिका–९ शरदपुरका किसान वेदप्रकाश सापकोटा व्यवसायीले तोकेको मूल्यमा धान बिक्री गर्नुपर्ने बाध्यता रहेको बताए । आफ्नो गोदाम नहुँदा किसानले व्यापारीले भनेको मूल्यमा धानम बेच्नु परेको गुनासो सुनाउँदै भने, 'मोटा धान तीन हजार रुपैयाँ र मध्यम धान तीन हजार ४ सय रुपैयाँमा बिक्री गर्नुपर्ने बाध्यता छ ।'

जिल्ला कृषि विकास कार्यालयका प्रमुख झलकनाथ कँडेल पनि किसानले समर्थन मूल्य नपाएका बताउछन् । राज्यले तोकेको मूल्यमा व्यवसायीले धान खरिद गर्नुपर्नेमा उनि जोड दिन्छन् ।

चितवनमा २७ हजार ३ सय २४ हेक्टरमा बर्खे धानखेती गरिएकामा एक लाख ३५ हजार ७ सय २५ मेट्रिक टन उत्पादन भएको छ । बेमौसमी वर्षाका कारण १ सय ४९ मेट्रिक टन धानमा क्षति भएको छ ।रासस

# तनहुँमा मकै उत्पादन बढ्यो



**तनहुँ ।**
व्यास नगरपालिका–१० दुम्सीस्थित दरै सामुदायिक घरबास (होमस्टे) पुग्नेबित्तिकै अग्ला मकैका माच देखिन्छन् । यहाँ आउने जोकोही थाङ्ग्रो देखेर अचम्म मान्छन् ।

दरै सामुदायिक घरबासका सञ्चालक आशा दरै भन्छन्, 'यही माचमा फोटो खिच्न र टिकटक बनाउन पाहुनाहरू व्यस्त हुन्छन् । विगतका वर्षमा ठूलो सुली भए पनि एउटा मात्रै थियो । यस वर्ष धेरै मकै फल्यो सुली पनि विशाल छ ।' यो वर्ष पर्याप्त उत्पादन भएका दुम्सीका घरैपिच्छे मकैका सुली भेटिन्छन् ।

विगतमा मकै लगाउने बेला तथा गोड्ने बेलामा किरा लाग्नुका साथै मलको अभाव किसानले बेहोर्नुपरेको थियो । यो वर्ष समस्या नभएकाले जिल्लामा पर्याप्त मकै उत्पादन भएको कृषि विकास कार्यालयका बाली विकास अधिकृत किरण परियारले बताए ।

आव २०७९–८० मा २२ हजार २३८ हेक्टर क्षेत्रफलमा गरिएको मकैखेतीबाट ६७ हजार १५ मेट्रिक टन उत्पादन भएको थियो । २०८०–८१ मा २२ हजार ३४८ हेक्टर क्षेत्रफलबाट ६७ हजार २ सय मेट्रिक टन मकै उत्पादन भएको थियो भने उत्पादकत्व तीन दशमलव ०१ रहेको थियो । आव २०८१–८२ मा २२ हजार १ सय ९५ हेक्टर क्षेत्रफलमा गरिएको खेतीबाट ७३ हजार २ सय ४६ मकै उत्पादन भएको छ ।

'तनहुँ धानका साथै मकै उत्पादनको क्षेत्र पनि हो । जिल्लाको ऋषिङ गाउँपालिका नै पहिले मकैको बीउ उत्पादनको पकेट क्षेत्र हो,' बाली विकास अधिकृत परियारले भने । तनहुँ धान, मकै, कोदो, गहुँ, भटमास, अदुवाका लागि उपयुक्त छ । सुन्तला उत्पादनको मुख्य पकेट क्षेत्र पनि हो ।रासस

# कालानमक धानको जात लोप हुँदै



**बाँके ।**
बाँकेमा परम्परागत कालानमक धानको जात हराउँदै गएको छ ।यहाँका किसान लगानीअनुसारको प्रतिफल नपाइएको भन्दै व्यावसायिक खेतीतर्फ उन्मुख हुँदै गएपछि यो जातको धान लोप हुँदै गएको हो । सिँचाइ र स्याहारसुसार बढी गर्नुपर्ने, रोग र कीराको प्रकोप बढी देखिने भएकाले कृषकहरू यसको साटो 'हाइब्रिड' धानतर्फ आकर्षित भएको कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी वरिष्ठ बागवानी विकास अधिकृत सन्तोष पाठकले जानकारी दिए ।

उनका अनुसार उच्च तहका व्यक्तिदेखि पर्यटकहरूको रोजाइ भए पनि लागतअनुसार कम उत्पादन हुने भएकाले कृषकहरू कालानमक धानको साटो अन्य धान लगाउन थालेका हुन् । मसिनो र बास्नादार मानिने यो धान कालो भएकाले यसलाई कालानमक भनिएको हो । यो करिब १ सय ४० दिनमा तयार हुन्छ । 'विगतमा बाँके र बर्दिया जिल्लामा यसको खेती हुन्थ्यो, तर अनेक प्रजाति निस्किएपछि किसान छोटो समयमा धेरै उत्पादन गरेर लाभ लिनतिर लागेँ,' सूचना अधिकारी पाठकले भने, 'कालानमकको खेती शून्य प्रायः भएपछि हाल यसको प्रवद्र्धन र प्रचारमा लागेका छौँ ।'

बाँकेमा यस वर्ष ३४ हजार १ सय ९० हेक्टर जमिनमा धानखेती हुँदा कालानमकलगायत परम्परागत जातको धानखेती क्षेत्र गणनामा नै छैन । परम्परागत कालानमक संरक्षणका लागि कृषि ज्ञान केन्द्रले कृषकस्तरमा प्रचारप्रसारको थालनी गरेको छ । कृषि अनुसन्धान परिषद् खजुराबाट प्राप्त गरेको बीउलाई बाँकेको बैजनाथ गाउँपालिका–८ टिटिहिरियामा प्रयोग गरेर यसको प्रचार गरिएको छ ।

पहिलाको कालानमक धानको बीउ धेरै अग्लो हुने र खेतमा ढल्ने समस्या भएकाले हाल होचो बीउ प्रयोगमा ल्याइएको परिषद्ले जनाएको छ । किसानले रासायनिक मल धेरै हाल्ने भएकाले ढल्ने समस्या देखिएको हुँदा युरिया, डिएपी र पोटासको सन्तुलित प्रयोग गर्न किसानलाई सल्लाह दिने गरिएको वरिष्ठ बागवानी विकास अधिकृत पाठकले बताए ।

कृषि ज्ञान केन्द्रको सहयोग र समन्वयमा हाल बैजनाथ गाउँपालिका–८ टिटिहिरियाका किसान गङ्गानारायण चौधरीले एक हेक्टर क्षेत्रफलमा कालानमक धानको खेती गरिरहनुभएको छ । धान पाकिसकेकाले केही दिनमा भित्र्याउने तयारी गरिएको उनले जानकारी दिए ।

पाँच वर्षदेखि कालानमक र कुइनुर बासमती धानको खेती गर्दै आएका चौधरीले एक हेक्टर क्षेत्रफलमा करिब ३० क्विन्टल धान उत्पादन हुने अनुमान गरिएको छ । अन्य धान स्याहारी सकेकाले यतिबेला कालानमक धानमा चरा, मुसा र कीराको सङ्क्रमण बढेको उनको भनाइ छ ।

कालानमक चामल बिक्रीमा भने समस्या छैन । अन्य धानको मूल्य करिब तीन हजार ५०० रुपैयाँ क्विन्टल हुँदा कालानमक भने प्रतिक्विन्टल १० हजार रुपैयाँमा बिक्री हुने गरेको छ । बजार माग पनि राम्रै रहेको चौधरीले बताए ।

यसको उत्पादनमा नै बढी खर्च लाग्ने भएकाले मूल्य महङ्गो परेको जनाइएको छ । यो धान असारमा रोपेपछि मङ्सिरको पहिलो साता मात्रै काट्न तयार हुन्छ । सिँचाइ पनि पर्याप्त चाहिन्छ । करिब छ महिनामा तयार हुने भएकाले यसमा रोग सङ्क्रमणको जोखिम हुन्छ । अन्य धान असोज–कात्तिकमा भित्र्याउँदा त्यहाँका पतेरा किरा कालानमकमा जाने र समस्या हुने गरेको कृषक चौधरीले बताए ।

बाँकेमा किसानले रामधान, राधा—४, एमपी ६०, गोरखनाथलगायत 'हाइब्रिड' धान रोप्दै आएका छन् । मसिनो चामललाई प्रवद्र्धन गर्न खोजे पनि किसानले रुचि नदेखाएको कृषि ज्ञान केन्द्रका प्रमुख वरिष्ठ कृषि अर्थविज्ञ विनोद घिमिरेको भनाइ छ । त्यसैले उत्पादन बढाउन प्रवद्र्धनात्मक कार्यक्रम लागू गरिएको छ । मसिना तथा बास्नादार धान प्रवद्र्धन कार्यक्रमअन्तर्गत किसानलाई बीउ र कृषि प्रविधिमा अनुदान दिने गरिएको घिमिरेले बताए । रासस

# चोयाबाट बनेका हस्तकलाका सामग्रीमा आकर्षण घट्यो



**म्याग्दी ।**
स्थानीय स्रोत र रैथाने सीपमा आधारित हस्तकलाका सामग्रीमा आकर्षण घट्दै गएको छ । म्याग्दीको बेनी नगरपालिका–९ गलेश्वरधाममा आयोजित बालाचतुर्दशी मेलामा विगतमा चोयाबाट निर्मित यस्ता सामग्रीको माग उच्च हुने गरे पनि यसपटक त्यस्तो नपाइएको व्यवसायीले गुनासो गरेका छन् ।

बालाचतुर्दशी पर्वका अवसरमा गलेश्वरमा शत्बीज छर्न आएकाले घरायसी काममा प्रयोग हुने चोयाबाट निर्मित डाला, नाङ्ला र काठका ठेका–मदानी खरिद गरेर लैजाने प्रचलन रहेको छ । मेलामा तीन दशकदेखि डाला र नाङ्ला व्यापार गर्दै आएका बागलुङको बढीगाड गाउँपालिका–४ जलजलाका मनबहादुर छन्त्यालले पछिल्लो समय प्लास्टिकका सामानले चोयाका सामग्रीलाई विस्थापित गर्न थालेको बताए । हरेक पटकको मेलामा डालाडाली र नाङ्ला बिक्रीको लागि आउने गरेको र पछिल्लो समय यस्ता सामानका माग घट्दो क्रममा रहेको उनको भनाइ छ ।

'पहिले गाउँघरमा डुलाएर पनि बिक्री गथ्र्यौं । मेलापर्व र महोत्सवमा समेत उत्साहजनक किनबेच हुन्थ्यो, तर पछिल्ला वर्षयता प्लास्टिकबाट बनेका डाला र नाङ्लोसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था आएको छ । त्यसैले स्थानीय स्रोत र सीपको उपयोगबाट बनेका सामग्री विकाउनै मुस्किल हुन थालेको छ,' छन्त्यालले भने ।

गलेश्वरधाममा बागलुङका साथै तनहुँबाट समेत चोयाबाट बुनेका नाङ्ला ल्याएर आउने धेरै व्यापारी छन् ।

मेलामा डाला ८ सय रुपैयाँ देखि दुई हजारसम्म र नाङ्ला ६ सय ५० रुपैयाँ देखि ९ सय सम्ममा किनबेच हुने गरेको छ । जङ्गलमा पाइने निगालोको चोयाबाट बुनेर तयार गरिने नाङ्लो अन्नपात केलाउन र डालो अन्नपात राख्न प्रयोग गरिन्छ । चोयाका डाला र नाङ्ला वातावरणमैत्री हुनाका साथै टिकाउ र आकर्षकसमेत हुन्छन् । प्लास्टिकका सामग्रीको मूल्यमा चोयाका सामग्री खोज्ने प्रचलनका कारण आफूहरु समस्यामा परेको गलेश्वरको बालाचतुर्दशी मेलामा नाङ्ला बेच्न आएका तनहुँको बन्दीपुरका तिलबहादुर भुजेलले बताए ।

गलेश्वर मेलामा करिब १ सय जनाले घरायसी र दैनिक उपभोग्य सामानदेखि लत्ताकपडाको व्यापार–व्यवसाय सञ्चालन गरेकामा न्यून मात्रामा डाला र नाङ्लाको खरिदबिक्री भएको गुनासो गरेका छन् । मेलामा रैथाने सीप प्रयोग गरी बनाइएका काठका ठेकाठेकी र मदानीको समेत खरिदबिक्रीसमेत उत्साहजनक छैन ।

गाउँघरमा दूध सङ्कलन र मोही पार्नका लागि काठका ठेका र मदानीको विकल्पमा सिल्टे र प्लास्टिकका सामान भित्रिएपछि ठेका बनाउने पेसा नै सङ्कटमा पर्न थालेको छ ।रासस

# नितिश कुमारले लिए १०औं पटक मुख्यमन्त्रीको शपथ

**भारत ।**
नितिश कुमारले बिहारको मुख्यमन्त्रीका रूपमा दशौँ पटक शपथ लिएका छन् । पटनाको गान्धी मैदानमा आयोजित शपथ ग्रहण समारोहमा प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह, भाजपा अध्यक्ष जेपी नड्डा, संघीय मन्त्री राजनाथ सिंह र धर्मेन्द्र प्रधान लगायत कम्तिमा सात राज्यका मुख्यमन्त्री उपस्थित छन् ।

समारोहमा दुई उपमुख्यमन्त्री सहित १८ मन्त्रीको पनि शपथ गरिने भारतीय अखबारहरूले जनाएका छन् ।

शपथ कार्यक्रम बिहान साढ ११ बजे शुरू भएको थियो । बिहार विधानसभाको पछिल्लो चुनावमा भारतीय जनता पार्टी (भाजपा) र जनता दल युनाइटेडको राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए) ले दुईतिहाइ बहुमत ल्याएपछि ७४ वर्षीय नितिश कुमार दसौं पटक मुख्यमन्त्री बनेका हुन् ।

सन् २००५ देखि अहिलेसम्म नितिश कुमारले गान्धी मैदानमै तीनपटक मुख्यमन्त्रीको सपथ लिइसकेका छन् ।

उनले यसपालि चौथो पटक यही स्थानबाट पदबहाली गरे । नितिश कुमार सन् २००० मा पहिलो पटक मुख्यमन्त्री बनेका थिए। त्यति बेला उनको सरकार बहुमत जुटाउन नसक्दा सातै दिनमा ढलेको थियो । दोस्रो र तेस्रो पटक उनले २००५ र २०१० को विधानसभा चुनावमा एनडिएको बहुमत आएपछि मुख्यमन्त्रीको सपथ लिएका थिए । तर २०१४ मा उनले भाजपा र राष्ट्रिय जनता दलसँग गठबन्धन नगरी चुनाव लडेपछि खराब नतिजा ल्याएका थिए ।

त्यसपछि उनले राजीनामा दिए र पार्टीका नेता जितनराम माझीलाई मुख्यमन्त्री बनाए ।

सन् २०१५ को चुनावअघि उनी फेरि मुख्यमन्त्री बने। त्यो उनको चौथो कार्यकाल थियो । सन् २०१५ र २०२० को चुनावपछि पनि उनले मुख्यमन्त्रीको सपथ लिए, एकपटक महागठबन्धन (जेडियू–राष्ट्रिय जनता दल–कांग्रेस) को नेता बनेर र अर्को पटक एनडिएको नेता बनेर ।

यसबीच २०१७ मा महागठबन्धन छाडेर एनडिएमा फर्कँदा, २०२२ मा एनडिए छाडेर राष्ट्रिय जनता दलसँग मिल्दा र २०२४ मा राष्ट्रिय जनता दल छाडेर फेरि एनडिएमा जाँदा उनले थप तीनचोटि सपथ थिए ।

भारतीय अखबार 'हिन्दुस्तान टाइम्स' का अनुसार नितिशले अहिलेसम्म ७०२३ दिन (करिब १९ वर्ष) मुख्यमन्त्रीका रूपमा बिताइसकेका छन् । देशभरका सबै मुख्यमन्त्रीको सूचीमा लामो समय बिताउनेमा उनी आठौं स्थानमा पर्छन् ।

उनले यस पटक पाँच वर्षे कार्यकाल पूरा गरे उनी भारतको इतिहासमा तेस्रो सबभन्दा लामो कार्यकाल बिताएका मुख्यमन्त्री बन्ने छन् ।

उनीभन्दा अगाडि सिक्किमका पवनकुमार चाम्लिङ र ओडिशाका नवीन पटनायक लामो अवधि मुख्यमन्त्री बनेका थिए । नितिशले अर्को एउटा अनौठो रेकर्ड राखेका छन् । मुख्यमन्त्री रहँदा उनले १४ जना राज्यपालसँग काम गरिसकेका छन् । यसमा उनी भारतका मुख्यमन्त्रीहरूमा तेस्रो स्थानमा परेका छन् ।

यो सूचीमा मिजोरमका लाल थनहावला र हिमाञ्चल प्रदेशका वीरभद्र सिंह क्रमशः पहिलो र दोस्रो स्थानमा छन् ।

# स्थानीयको सहयोगमा वडा कार्यालय पुनःसञ्चालन

**गण्डकी ।**
जेन्जी आन्दोलनका क्रममा क्षतिग्रस्त पोखरा महानगरपालिका–१७ को वडा कार्यालय स्थानीयको सहयोगमा सञ्चालनमा आएको छ ।
जनप्रतिनिधिले सहयोगका लागि आह्वान गरेपछि वडाका विभिन्न सङ्घसंस्था र व्यक्तिबाट कार्यालय सञ्चालनका लागि अत्यावश्यक सामग्री उपलव्ध गराइएको थियो ।
वडाध्यक्ष राधिका शाहीका अनुसार कार्यालय सञ्चालनका लागि कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, सिसी क्यामेरा, खानेपानी एवं आवश्यक फर्निचर स्थानीयले प्रदान गरेका छन् ।
पोखरा–१७ आँखा अस्पताल चोक निवासी गोमादेवी श्रेष्ठले खानेपानीको डिस्पेन्सर, जार र गिलास बोकेर वडा कार्यालयमा आउनुभएको जानकारी दिँदै वडाध्यक्ष शाहीले त्यसपछि ४६ सङ्घसंस्था र व्यक्तिबाट सहयोग प्राप्त भएको बताए ।
'बिरौटामा रहेको वडा कार्यालय जीर्ण र साँघुरो भएपछि सेवा प्रवाहमा समस्या थियो ड्यामसाइडको पाँच रोपनीमा चार करोड ५८ लाख २६ हजार रुपैयाँ मा निर्माण गरिएको भवनबाट भदौ १५ गतेदेखि सेवा सञ्चालन भएको थियो २४ गतेको आन्दोलनमा खरानी भयो,' राज्यको सम्पत्ति नोक्सान भएकामा दुःख व्यक्त गर्दै उनले भने ।
जेन्जी आन्दोलनमा पोखरा महानगरपालिका कार्यालयसहित २६ वडा कार्यालयमा आगजनी भएको थियो ।रासस


## श्री हिमाल बचत तथा ऋण सहकारी संस्था लि.

**वीरगंज म.न.पा -०८, पानीटंकी**

**कर्जा चुक्ता गर्ने आउने बारे ३५ दिने सार्वजनिक सूचना**

**( प्रथम पटक प्रकाशित मिति: २०८२/०८/०५)**

**टेलिफोन नं-०५१-५२१९२७, Gmail:-shreehimalsaccos@gmail.com**

यस श्री हिमाल बचत तथा ऋण सहकारी संस्था लि.का मिति २०८२/०८/०५ तपसिलमा उल्लेखित ऋणी सदस्यहरुलाई यस संस्थाबाट टेलीफोन,मौखिक एवम् लिखित पत्रबाट पटक -पटक उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जाना रकम चुक्ता गर्न बारम्बार ताकेता गर्दा समेत ऋण दायित्व फछयौट गर्ने तर्फ तदारुकता न देखाई यस संस्थासंग आन्तरिक रुपमा गरिएका समझौता भंग भएकोले हर्जाना र ब्याज समेतको बाँकी सम्पूर्ण ऋण रकम चुक्ता गर्नको लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ | यो सूचना प्रथम पटक भएको मितिले ३५ दिन भित्र यस सहकारी संस्थालाई बुझाउन पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना रकम एकमुस्ट बुझाउन अनुरोध गरिन्छ |यस सूचना बमोजिम कर्जा चुक्ता हुन नसकेमा संस्थाको विनियम तथा सहकारी ऐन २०७४,को दफा ७९, र सहकारी नियमावली २०७५ को दफा ३० र अन्य नियम तथा निर्देशनहरु र अन्य प्रचलित कानुन बमोजिम संस्थाले धितोंमा रहेको सम्पति डाँक बढाबढ प्रकृया मार्फत लिलाम बिक्री गरी वा लिलाम बिक्री हुन नसकेमा संस्था आफैले सकार गरी संस्थाको असुलउपर गर्नुपर्ने सम्पूर्ण रकम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ |

**तपशील**

| क्र.स | ऋणिकों तिन पुस्ताको विवरण | फोटो | धितोंको विवरण |
|---|---|---|---|
| १. | नाम: हरिचन्द्र प्रसाद कुर्मी<br>बुबा :ब्रम्हा राउत कुर्मी<br>बाजे : सरजुग राउत कुर्मी<br>ठेगाना : सखुवा प्रसौनी -३ (कौवावनकटैया)<br>ना.प्र.नं :२८३/४५८००८९२<br>जारी मिती: २०४४/१२/०३<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | हरिचन्द्र प्रसाद कुर्मी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला कौवावनकटैया वडा नं ५ कित्ता नं.३८,१०,७९३ को क्षेत्रफल ०-०-१३-०,०-०-१४-०,०-१९-१०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत | |
| २. | नाम:प्रेम राउत कुर्मी<br>बुबा : हरिहर राउत कुर्मी<br>बाजे : भोला राउत कुर्मी<br>ठेगाना : पर्सागढ़ी-४ (वर्वाटाडी)<br>ना.प्र.नं :१५८८१८०९<br>जारी मिती: २०४३/०९/०९<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | प्रेम राउत कुर्मी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला विरुवागुठी वडा नं -७,४ को कित्ता नं -२९८,२३२ को क्षेत्रफल ०-०-१२-०,०-५-०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत | |
| ३. | नाम: जनकिया देवी<br>पति : सुरेश महतो<br>ससुरो :बाबुलाल महतो<br>बुबा : टहल महतो धानुक<br>ठेगाना : पर्सागढी -४ (हरदासपुर)<br>ना.प्र.नं :३४-०१-६९-०४७०६<br>जारी मिती:२०६९/१०/०७<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | जनकिया देवी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला पचरुखी वडा नं ५ कित्ता नं.६२६ को क्षेत्रफल ०-४-०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत | |
| ४. | नाम:हिरमतिया हजामिन<br>पति : शिवचन्द्र ठाकुर<br>ससुरो : बंशी ठाकुर<br>बुबा : शिवबालक ठाकुर<br>ठेगाना : वीरगंज-१४<br>ना.प्र.नं :३०९९<br>जारी मिती:२०४६/०३/०८<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | हिरमतिया हजामिन को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला मजडिहा पिप्रा वडा नं ३ कित्ता नं.४०६ को क्षेत्रफल ०-०-६-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत | |
| ५. | नाम:रामबालक राउत अहिर<br>बुबा :वासुदेव राउत अहिर<br>बाजे:अनवत राउत अहिर<br>ठेगाना:बहुदरमाई -२ (बैरियाबिर्ता ढा.पु)<br>ना.प्र.नं:०५६४३२७३<br>जारी मिति:२०४५/०१/०९<br>कर्जा शीर्षक: व्यवसायिक कर्जा |  | रामबालक राउत अहिर को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला वैरियाबिर्ता दा.पु.वडा नं ४,५ कित्ता नं.५४०,५१७ को क्षेत्रफल ०-१-४-५,०-१-०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत | |
| ६. | नाम:महापती देवी<br>पति : जगमोहन राउत अहिर<br>ससुरो :महावीर राउत अहिर<br>बुबा :मथुरा राउत अहिर<br>ठेगाना : बहुदरमाई-४(बहुअरी पिडरी)<br>ना.प्र.नं :०५१८२८९८<br>जारी मिती:२०६२/०१/१६<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | महापति देवी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला बहुअरी पिडरी वडा नं ७ कित्ता नं.५९३ को क्षेत्रफल ०-१-७-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत | |
| ७. | नाम:जैसवा खातुन<br>पति : धनई मिया अंसारी<br>ससुरो : साहेवा मिया<br>बुबा : ओलिमन मिया<br>ठेगाना : सखुवा प्रसौनी -४ (देवरवाना)<br>ना.प्र.नं :४५८००११४<br>जारी मिती:२०३६/०१/१८<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | जैसवा खातुन को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला देउरवाना वडा नं ६ कित्ता नं.२८४ को क्षेत्रफल ०-१-०-७ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत | |

**पुनशच : धितों लेखिदिने तथा व्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ | अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ | उल्लिखित धितों सम्पति लिलाम बिक्री गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा संस्था आफैले संस्था तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा ५७(६) अनुसार सकार गरी लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन | उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनर्मूल्याङ्कन गरी संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ |


# नारायणी नदी पुल क्षेत्रमा दुई दिन राति गाडी सञ्चालनमा रोक

**नवलपरासी ।**
पूर्वपश्चिम राजमार्गअन्तर्गत नारायणघाट बुटवल खण्डको नवलपुर र चितवन जोड्ने नारायणी नदी क्षेत्रमा दुईदिन रातिमा सडक बन्द गरिने भएको छ । खण्डको नारायणी नदी पुलदेखि पश्चिमतर्फको भागमा सडक कालोपत्र गर्न रातिमा पाँच घण्टा सडक बन्द गर्न लागिएको हो ।
नारायणघाट बुटवल सडक योजना पूर्वी खण्डका योजना प्रमुख इन्जिनियर ईश्वरबहादुर रिजालले मङ्सिर ५ गते र ६ गते राति ११ देखि भोलिपल्ट बिहान ४ बजेसम्म राजमार्ग बन्द गर्न लागिएको जानकारी दिए ।
'निर्माणाधीन नारायणघाट–बुटवल सडक खण्डको नारायणी पुल गैँडाकोटतर्फको एप्रोच सडकको भागमा कालोपत्र गर्ने प्रयोजनार्थ राति सडक बन्द गर्ने निर्णय गरिएको हो,' उनले भने, 'उक्त स्थानमा सवारीसाधन सञ्चालनमा रोक लगाएर काम गर्नुपर्ने भएकाले रातिमा सडक बन्द गर्न लागिएको हो ।'
रातिको समयमा सडक बन्द गरिँदा पूर्वतर्फ जाने सवारीसाधन नवलपुरका विभिन्न स्थानमा र पश्चिमतर्फ आउने सवारीसाधन चितवनका विभिन्न स्थानमा रोकिने रिजालले जानकारी दिए । रातिको समयमा ६ घण्टा सडक बन्द हुने भएकाले तोकिएको ठाउँमा सवारीसाधन रोकेर पालो पर्खेर जान वा वैकल्पिक सडक प्रयोग गर्न उनले आग्रह गरे ।
बुटवलबाट नवलपुर हुँदै पूर्वतर्फ जाने सवारीसाधनमध्ये बस, मिनीबस, माइक्रो बस, साना चार पाङ्ग्रेसहितका सवारीसाधन थुम्सीदेखि पश्चिमतर्फ रोकिने छन् । यस्तै, ट्रक, ट्रेलर, कन्टेनर, लहरी जस्ता ठूला मालवाहक सवारीसाधन बेल्डिहादेखि पश्चिमतर्फ रोकिने छन् ।
यसैगरी नवलपुर हुँदै पश्चिम जान पूर्वतर्फबाट आएका सवारीसाधन नवलपुर नपुग्दै चितवनमा रोकिने छन् । बस, मिनीबस, माइक्रो बस, साना चारपाङ्ग्रे सवारीसाधन मुग्लिन नारायणघाट सडकको रामनगरदेखि जुगेडीसम्म र पूर्वपश्चिम राजमार्गको केन्द्रीय बसपार्कदेखि गोन्द्राङसम्म रोकिने रिजालले जानकारी दिए । यस्तै, ट्रक, ट्रेलर, कन्टेनर, लहरी जस्ता मालवाहक सवारीसाधनहरु भने जुगेडीदेखि दासढुङ्गासम्म र गोन्द्राङदेखि टिकौलीसम्म रोकिने छन् ।
सडक बिस्तार सुरु भएदेखि नै यस खण्डमा भएका खाल्डाखुल्डीका कारण यात्रुले दुःख पाउँदै आएका छन् ।
नारायणी नदीको पुलदेखि पश्चिमतर्फ १७० मिटर सडक कालोपत्र भएपछि नारायणघाट बुटवल खण्डको दाउन्नेसम्म करिब ६० किलोमिटर सडक कालोपत्रले जोडिनेछ ।

# साइपाल, अपिलाई पर्यटकीय गन्तव्य बनाइँदै

**बझाङ ।**
सुदूरपश्चिम प्रदेशका साइपाल र अपि क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने प्रयत्न प्रारम्भ भएको छ ।नेपाल पर्यटन बोर्ड तथा सहारा नेपालद्वारा सञ्चालित दिगो पर्यटन परियोजनाले साइपाल गाउँपालिकाको साइपाल हिमालदेखि दार्चुलाको अपि हिमाल गाउँपालिकामा पर्ने अपि हिमाल आधार शिविर क्षेत्रसम्म पदमार्ग निर्माणको सम्भाव्यता अध्ययन थालेका हुन् । साइपालदेखि अपिसम्मको पर्यटकीय विकासका लागि पदमार्गमा निर्माण गर्नुपर्ने भौतिक संरचनाका साथै अन्य अत्यावश्यक पूर्वाधारबारे दुई साता अध्ययन गरिएको सहारा नेपालका स्रोत व्यक्ति वसन्त बोहराले बताए ।
पहिलो चरणमा होमस्टे, विश्रामस्थल, पुलपुलेसा तथा पदमार्ग निर्माणका लागि अध्ययन भएको जानकारी दिँदै उनले अब स्थानीयको सहयोगमा पूर्वाधार निर्माण थालिने बताए ।
बझाङको साइपाल गाउँपालिकाको निलखटी हिमाल, सुर्मा गाउँपालिकाको बिरू ओडार र अपि हिमाल गाउँपालिकाको अपि आधार शिविर क्षेत्रको बीचमा पर्ने कालागाडमा पर्यटकका लागि धेरै संरचना बनाउनुपर्ने उनले बताए ।
पर्यटकीय क्षेत्रको विस्तारका लागि साइपाल गाउँपालिकाले विभिन्न संस्थासँगको साझेदारीमा पर्यटकीय संरचना निर्माण गरिरहेको उक्त गाउँपालिकाका इन्जिनियर सुशील बोहराले बताए ।
मानव बस्तीको अन्तिम गाउँ धुलीबाट अपि हिमालको आधार शिविरसम्म पुग्न एक साताभन्दा बढी पैदलयात्रा गर्नुपर्छ । बीचमा पाँच हजार २०० मिटर उचाइमा रहेको निलखटी हिमाल पार गरेर बिरू ओढार, कालागाड हुँदै अपिको फेदसम्म पुगिन्छ । उनले हिउँदमा हिमाल क्षेत्र पार गर्न नसके पनि अरु बेला पर्यटकलाई यात्रा गर्न सहज हुने बताए ।
'विगतमा साइपालबाट अपि जाने पर्यटकलाई पैदलयात्राको समस्या हुन्थ्यो,' उनले भने, 'अब त्यो समस्या हट्ने छ । अर्को वर्षदेखि पर्यटकले बाटोमा बासका साथै खाना पनि पाउने छन् । पर्यटकका लागि आधारभूत संरचना निर्माण गरिने छ ।'
धुलीभन्दा माथि सञ्चारको समस्या भएकाले नेपाल टेलिकमसँगको साझेदारीमा त्यो समाधान गर्न सकिने बताउँदै भने, 'अहिले धेरै समस्या भनेको नेटवर्कको छ । निलखटी पाटन (चार हजार तीन सय मिटर उचाइ) सम्म मात्रै नेटवर्क हुने हो भने पर्यटकलाई ठूलै राहत हुने थियो ।'
हाल पर्यटकहरू साइपालबाट ताक्लाकोट नाका वा उरै लेकसम्म जाने गरेका छन् । निलखटी हुँदै अपिसम्म जानेहरू खासै भेटिँदैनन् । पदमार्ग नभएकाले साइपालका सुन्दर स्थल आन्तरिक एवं बाह्य पर्यटकले देख्न नपाएका साइपाल गाउँपालिका–३ का गोपी बोहरा बताउछन । 'पैदलमार्ग नभएकाले आएका केही पर्यटक पनि फर्कन्थे । अब बाटो खुलेपछि ताक्लाकोट जानेभन्दा बढी पर्यटक साइपाल–अपि रूटबाट यात्रा गर्ने विश्वास छ,' उनले भने ।
पर्यटक आएपछि स्थानीयका लागि रोजगारीका अवसर सृजना हुनेमा साइपाल गाउँपालिका–४ धुलीका उमेश रोकाय ढुक्क छन् ।
'हाम्रो साइपालमा सयौँ पर्यटकीयस्थल छन् । अब यहाँ पर्यटक आइरहने वातावरण बन्दैछ । त्यसपछि केही नभए पनि भरिया र सहयोगीले काम पाउने छन,' उनले भने । अपि–साइपाल क्षेत्रमा बाटो बनेपछि बेमौसममा पनि स्थानीयले काम पाउनेमा उनि विश्वस्त छन ।रासस

# सिञ्जाको रनुखानामा झोलुङ्गे पुल निर्माण

**जुम्ला ।**
जिल्लाको सिञ्जा गाउँपालिका–२ स्थित रनुखानामा निर्माण सम्पन्न भएको झोलुङ्गे पुलबाट करिब चार सय परिवार लाभान्वित भएका छन् ।
यसअघि, पुल निर्माण नहुँदा स्थानीयवासी र विद्यार्थीलाई यात्रा गर्न समस्या हुने गरेको थियो ।अहिले पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएपछि स्कुले विद्यार्थीलाई आवागमनमा सहज भएको सिञ्जा–२ का वडाध्यक्ष तीर्थ वडले जानकारी दिए । उनका अनुसार जिल्लास्थित पूर्वाधार विकास कार्यालयको ५५ लाख रुपैयाँ बजेटमा गत वर्ष उपझोक्ता समितिसँग सम्झौता भई निर्माण सुरु भएको हो ।
चालु आवको कात्तिकको पहिलो सातामा निर्माण सम्पन्न भएको पुल अहिले सञ्चालनमा आएको उनले बताए ।
यसले वडा कार्यालयभित्र पर्ने माध्यमिक विद्यालय चुलेलगाउँ, विष्टबाडार रनुखानाका विद्यार्थीलाई आवतजावत गर्ने सहज भएको स्थानीय बताउँछन् । एक गाउँबाट अर्को गाउँसम्म जोड्नका लागि करिब ७२ मिटर लम्बाइको झोलङ्गे पुल पुल निर्माण गरिएको वडाध्यक्ष वडले उल्लेख गरे । पुल बनेपछि घुमाउँरो, लामो बाटो हिँड्नुपर्ने बाध्यता हटेको उनको भनाइ छ ।
पूर्वाधार विकास कार्यालय जुम्लाका प्रमुख प्रभाकरप्रसाद सिंहले ५५ लाख रुपैयाँ लगानीमा उपभोक्ता समितिले निर्माण गरेको पुलबाट चार सय परिवारका साथै आगन्तुकहरू लाभान्वित भएका जानकारी दिए ।रासस

# निर्वाचनमा नेपाली सेना परिचालन गर्न सिफारिस

**काठमाडौँ।**
आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा नेपाली सेना परिचालन गर्न मन्त्रिपरिषद्समक्ष सिफारिस गरिएको छ।

प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा बिहिवार बसेको राष्ट्रिय सुरक्षा परिषद्को बैठकले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न नेपालको संविधानको धारा २६६ को उपधारा (१) बमोजिम नेपाली सेना परिचालन गर्न नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष सिफारिस गर्ने निर्णय गरिएको रक्षा मन्त्रालयका सचिव एवं राष्ट्रिय सुरक्षा परिषद्का सदस्य सचिव सुमनराज अर्यालले जारी गर्नुभएको विज्ञप्तिमा जनाइएको छ।

आजको बैठकमा राष्ट्रिय सुरक्षामा आउनसक्ने विविध चुनौतीहरु, राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा देखापरेका पछिल्ला घटनाक्रमले राष्ट्रिय सुरक्षामा पार्नसक्ने प्रभाव तथा चुनौती र अपनाउनुपर्ने भावी रणनीतिका सम्बन्धमा छलफल भएको थियो।

साथै राष्ट्रिय सुरक्षा परिषद्को आठौँ वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०८१÷८२ को मस्यौदामाथि छलफल भएको थियो।

उक्त मस्यौदामा आवश्यक संशोधनसहित स्वीकृति गरी नेपालको संविधानको धारा २६६ को उपधारा (३) बमोजिम राष्ट्रपतिसमक्ष पेस गर्नेसमेत निर्णय भएको जनाइएको छ। बैठकले राष्ट्रिय सुरक्षा परिषद्को आठौं वार्षिक प्रतिवेदनको मस्यौदामाथि छलफल गर्दै आवश्यक संशोधनका साथ स्वीकृत पनि गरेको छ।

उक्त प्रतिवेदनलाई राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पेश गर्ने निर्णय भएको रक्षा परिषद् सचिवालयले जानकारी दिएको छ।

बैठकमा राष्ट्रिय सुरक्षामा आउनसक्ने विविध चुनौतीहरू तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा देखा परेका पछिल्ला घटनाक्रमले राष्ट्रिय सुरक्षामा पार्न सक्ने प्रभाव तथा चुनौतीहरू र अपनाउनुपर्ने भाबी रणनीतिका सम्बन्धमा समेत छलफल भएको थियो।

# मन्त्री गुप्तासहित जेनजी प्रतिनिधि सिमरा जाँदै सुदन र पुरूषोत्तम पनि सहभागी



काठमाडौं – खेलकुद तथा युवा मन्त्री बब्लु गुप्ता जेनजी प्रतिनिधिमण्डलसहित बाराको सिमरा पुगेका छन् । बुधबार जेन्जी समूह र एमाले कार्यकर्ताबीच भएको झडपपछि क्षेत्र सो क्षेत्र दिन भरि तनावग्रस्त बनेको अवस्थामा उनीहरू स्थलगत तथ्य बुझ्न तथा वार्ता सम्भावना खोज्न त्यहाँ गएका हुन् । मन्त्री गुप्तासँग 'हामी नेपाल' का संयोजक सुदन गुरुङ, जेन्जी नेताहरू पुरूषोत्तम यादव र अभिषेक सिंहसहितको टोली बिहीबार साँझ सिमरा तर्फ प्रस्थान गरेको हो । टोली हाल जनकपुर हुँदै बारा तर्फ गइरहेको जनाइएको छ।

जेन्जी प्रतिनिधि पुरूषोत्तम यादवले सिमरामा भइरहेको गतिविधिबारे छलफलका लागि हामी जाँदैछौं, भने। बुधबार भएको झडपपछि उत्पन्न असन्तुष्टि र प्रहरीसँगको तनावका कारण बिहीबार सिमरा बजार दिनभर अशान्त रह्यो। प्रदर्शनकारीले त्रिभुवन राजपथ अन्तर्गत वीरगन्ज–पथलैया सडक खण्ड अवरुद्ध गरेपछि सवारी आवागमन ठप्प बनेको थियो।

दिउँसो प्रदर्शन तीव्र बँदा स्थिति नियन्त्रणमा लिन प्रहरीले हवाई फायर र अश्रुग्यास प्रहार गर्नुपरेको थियो । बारामा साँझ ८ बजेसम्म कफ्र्यु जारी गरिएको छ।

झडपमा ६ प्रहरी र ४ जना जेनजी कार्यकर्ता घाइते भएका छन्। घाइतेमध्ये निशान्त श्रेष्ठ, सन्देश घिमिरे, सुमित चौधरी र निलहरी सापकोटामध्ये दुई जनालाई थप उपचारका लागि वीरगन्ज पठाइएको छ भने बाँकी दुई जनाको सिमरा अस्पतालमा उपचार भइरहेको प्रशासनले जनाएको छ।

यसअघि जिल्ला प्रशासन कार्यालय बाराले तनाव न्यूनिकरणका लागि जेनजी समूहलाई वार्तामा बोलाएको थियो।

तर उनीहरूले बुधबार आफूहरूमाथि कुटपिट गर्ने एमाले कार्यकर्तालाई पक्राउ नगरेसम्म वार्तामा नबस्ने अडान लिए। यही कारण बिहीबार वार्ता सम्भव भएन। जेन्जी समूहले दिएको जाहेरीका आधारमा दुई जनालाई मात्रै पक्राउ गरिएकाले बाँकीलाई नियन्त्रणमा लिनुपर्ने मागसमेत राखिएको छ।

जेन्जीका स्थानीय संयोजक सम्राट उपाध्यायले बुधबारको झडपमा मुख्य भूमिका खेलेको आरोपित अरविन्द साह पक्राउ परेपछि मात्र वार्तामा बस्ने घोषणा गरेका थिए। जेन्जी मधेस प्रदेश संयोजक शिव यादवले पनि पाँच जनासम्म पक्राउ परे वार्तामा जान सकिने बताए।

वार्तास्थलसमेत विवादको विषय बनेको थियो । जिल्ला प्रशासन कार्यालयले आफ्नो कार्यालयमै वार्ता गर्न बोलाए पनि जेन्जी समूहले जीतपुर सिमरा उपमहानगरपालिकाको कार्यालयमै वार्ता हुनुपर्ने अडान राखेको थियो। बिहीबार साँझ जेन्जी समूहले प्रदर्शन स्थगित गरेपछि राजमार्गको आवागमन पुनः सञ्चालनमा आएको सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराईले जानकारी दिएका छन्।

# नेकपा र राई नेतृत्वको जसपाबीच एकता अन्तिम चरणमा

काठमाडौँ – नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) बीच चलिरहेको एकता प्रक्रिया अन्तिम चरणमा पुगेको छ । बिहीवार पेरिसडाँडामा बसेको कार्यदलस्तरको छलफलमा एकताका मूल विषयहरूमा सहमति बनेको जानकारी नेता प्रकाश ज्वालाले दिएका हुन् ।

छलफलपछि पत्रकारहरूसँग कुरा गर्दै ज्वालाले दुई पार्टीबीच राजनीतिक र सैद्धान्तिक दुवै तहमा सहमति जुटिसकेको बताए । उनका अनुसार सहमतिका आधारमा तयार गरिएको ड्राफ्टमा विस्तृत रूपमा समीक्षा गरिएको छ, र त्यसलाई अन्तिम रूप दिन शुक्रबार पुनः कार्यदलस्तरीय बैठक बस्ने तय भएको छ ।

'हामीले एउटा प्रारम्भिक ड्राफ्ट तयार पारेका छौँ,' ज्वालाले भने, 'साथीहरूले महत्वपूर्ण सुझाव दिएका छन्, भोलिको छलफलमार्फत त्यसलाई अन्तिम रूप दिनेछौँ। अब एकता प्रक्रिया अन्तिम मोडमा पुगेको छ ।'

नेपाली कम्युनिस्ट पार्टीले विचार तथा सिद्धान्त मिल्ने अन्य समूहहरूसँग पनि एकताको सम्भावना खोज्ने प्रयास चलाइरहेको ज्वालाले उल्लेख गरे ।

## सर्वोच्चलाई सभामुखको जबाफ
# संसद विघटन र निर्वाचनको मिति घोषणा दुवै असंवैधानिक



सभामुख देवराज घिमिरेले अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा गरिएको प्रतिनिधि सभा विघटन र निर्वाचन मिति घोषणा दुबै संवैधानिक मान्यताविपरीत भएको टिप्पणी गरेका छन् । प्रतिनिधि सभा विघटन र पूर्वप्रधानन्यायाधीश कार्कीको नेतृत्वमा सरकार गठनविरुद्ध परेको रिटमा सर्वोच्च अदालतमा पेश गरिएको लिखित जबाफमा उनले कार्कीको नियुक्ति नै संवैधानिक दायराभन्दा बाहिर रहेको दाबी गरेका हुन्। घिमिरेका अनुसार संविधानको पालक तथा संरक्षक राष्ट्रपति भए पनि प्रधानमन्त्री कार्कीको नियुक्ति सो व्यवस्थाको प्रतिकूल रूपमा गरिएको छ।

उनका शब्दमा, 'संविधानले तोकेको व्यवस्था विपरीत संविधानको पालकबाटै संविधानवाद, कानुनी शासन र प्रचलित पद्धति विपरीत वर्तमान प्रधानमन्त्री नियुक्त भएको देखिन्छ ।' यसैले, प्रधानमन्त्री कार्कीले गरेका पहिलो निर्णय—प्रतिनिधि सभा विघटन र त्यसको आधारमा गरिएको निर्वाचन घोषणा—दुवै कार्यान्वयनयोग्य नभएको उनले स्पष्ट पारेका छन्।

उनले संविधानको धारा ७६ ले प्रतिनिधि सभाको सदस्य, विशेषतः बहुमत प्राप्त दलको नेतालाई राष्ट्रपति मार्फत प्रधानमन्त्री नियुक्त गर्ने प्रावधान राखेकाले प्रतिनिधि सभा सदस्य नै नभएका व्यक्तिलाई सो भुमिकामा राख्नु संवैधानिक व्यवस्था र कानुनी शासनविपरीत भएको उल्लेख गरेका छन्।

घिमिरेले संविधानको धारा १३२ को प्रावधान पनि उद्धृत गर्दै, प्रधानन्यायाधीश वा सर्वोच्चका न्यायाधीशलाई न्यायिक भूमिकाबाहेक अन्य पदमा लगाउन नपाइने र त्यस्ता व्यक्तिलाई संवैधानिक अपवादबाहेक सरकारी पदमा नियुक्त गर्न नहुने स्पष्ट व्यवस्था रहेको स्मरण गराए । उनका अनुसार, सरकार प्रमुख जस्तो संवैधानिक पदमा नियुक्ति गर्दा संविधानकै मार्ग अनुसरण गर्नुपर्ने भए पनि यस प्रकरणमा त्यो मानक पुरा नभएको छ।

उनले भने पर्याप्त वैधानिक बाटो हुँदाहुँदै त्यसलाई नअपनाई असंवैधानिक रूपमा भएको प्रधानमन्त्री नियुक्ति पूर्ण रूपमा गैरसंवैधानिक छ।

# निधिको प्रस्तावः अहिले निर्वाचनलाई प्राथमिकता दिऔँ, महाधिवेशन वैशाखमा गरौँ



काठमाडौँ – नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले पार्टीको १५औं महाधिवेशन अहिले नै गर्नुपर्ने आवश्यकता नभएको बताएका छन्।

नेपाल महिला संघद्वारा बिहीबार काठमाडौँमा आयोजित कार्यक्रममा बोल्दै उनले प्रतिनिधिसभा निर्वाचन नै वर्तमान प्राथमिकता भएकाले निर्वाचनपछि मात्र महाधिवेशन गर्ने निर्णय उपयुक्त हुने धारणा राखे।

निधिका अनुसार पार्टीको नियमित महाधिवेशन आगामी वैशाखमा हुने भएकाले त्यसका लागि आवश्यक तयारी यतिबेलादेखि नै सुरु गर्नुपर्ने हुन्छ।

उनले भने, 'अहिले सबै ध्यान निर्वाचनतर्फ केन्द्रित गराऔँ। प्रतिनिधिसभा चुनाव सकेपछि वैशाखमा १५औं महाधिवेशन गरौँ र त्यसका लागि अहिलेबाटै जुटौँ।'

हाल कांग्रेसभित्र महाधिवेशनको समयसूची र प्रक्रियालाई लिएर तीव्र मतभेद देखिएको छ। कार्यतालिकामा सहमति नजुटेपछि केन्द्रीय समिति बैठकहरू पनि निष्कर्षमा पुग्न नसकेका छन्।

# सुशीला कार्की नेतृत्वको सरकारको विकल्प माग गर्ने यी हुन् २३ जेन्जी समूह

काठमाडौं – जेन्जीका विभिन्न २३ समूहहरूले प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकार प्रभावहीन भएको भन्दै त्यसको विकल्प खोजिनुपर्ने माग गरेका छन्।


उनीहरूले सरकारप्रति असन्तुष्टि जनाउँदै राष्ट्रपति रामचन्द्र पौडेललाई संयुक्त रूपमा ज्ञापनपत्र समर्पण गरेका हुन्।

जेन्जी समूहहरूको आरोप अनुसार, विद्रोहको जगमा बनेको सरकारले आन्दोलनकारी तथा युवापुस्ताको न्यूनतम अपेक्षा समेत पूरा गर्न सकेन।

ज्ञापनपत्रमा उल्लेख छ, 'सरकारले कुनै ठोस दिशा लिएर काम गर्नुभन्दा केवल एक पटकको चुनाव गराउनेतर्फ सीमित हुँदै हाम्रा सबै अपेक्षा बेवास्ता गर्‍यो। हाम्रा माग सम्बोधन नभए सरकार फिर्ता बोलाई जेनजी नेतृत्वमा नयाँ सरकार बनाउन मध्यस्थता गरिदिनुहोस्,'।



प्रधानमन्त्री कार्कीको विकल्प खोज्ने पहलमा सहभागी समूहहरूमा जेन्जी नेशनल फ्रन्ट लाइनर, जेन्जी स्पार्क, एनटेक जेनजी, ऋणी एसोसियसन नेपाल, जेन्जी वाई युनाइटेड, जेन्जी सभा, जेन्जी पार्लियामेन्ट, जीबीबी ग्रुप, जीयुपीसी ग्रुप, जेवाइएन ग्रुप, जेन्जी युनाइटेड, जेन्जी २.०, रियल जेन्जी, जेन्जी वाई ग्रुप, जेनजी अलायन्स, नेपाल जेन्जी रिभ्युलेसन, इक्वीटी नेपाल, समता जेन्जी, अल नेशन जेन्जी, स्वतन्त्र जेन्जी नेपाल, डिजिटल टास्क फोर्स जेन्जी ग्रुप, जेनजी एकता मञ्च र जेन्जी मुभमेन्ट नेपाल रहेका छन्।

## बहुदरमाइ नगरपालिकाको अनुरोध

- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र सम्बन्धित पालिकाको वडा कार्यालयमा व्यक्तिगत घटना दर्ता गरौं ।
- विकास निर्माण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन सद्भाव, समन्वय र सहकार्यका साथ अघि बढौं ।
- कृषिकार्यलाई आधुनिक एवम् व्यावसायिक ढंगले गरी खाद्य सुरक्षामा योगदान पुर्याऔं ।
- पालिकालाई बुझाउनुपर्ने घरजग्गा, मालपोत, व्यवसाय आदि कर समयमै बुझाऔं ।
- आफ्नो घरआँगनबाट उत्पन्न हुने फोहोरलाई व्यवस्थित तरिकाले विसर्जन गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- बालविवाहजस्ता कुरीति, लागुऔषध दुर्व्यसन, मद्यपान तथा धुमपानजस्ता लतबाट जोगिऔं ।
- स्वस्थ आहार गरौं र नैतिक आचारको पालना गरौं ।

जनहितमा जारी सन्देश

बहुदरमाइ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बहुअरी पिडारी, पर्सा , मधेश प्रदेश, नेपाल


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन